भूमे गाउँपालिका

गाउँसभाको बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक

श्री सविना बुढाबाट प्रस्तुत

आ.व. २०८०/०८१ को

# वार्षिक बजेट वक्तव्य

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुकुम (पूर्व)

असार १०, २० ८०

**भूमे गाउँसभाका अध्यक्षज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु र आम भूमेबासी आमा बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरु**

१. यस गरिमामय गाउँसभामा गाउँपालिकाको दीर्घकालीन सोंच र जनआकांक्षा समेटिएको नीति तथा कार्यक्रमलाई आयोजना तथा कार्यक्रममार्फत कार्यान्वयनमा ल्याउने दस्तावेजको रुपमा हालसम्मको अनुभव र सुन्दर सपनासहित भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा आर्थिक, सामाजिक तथा राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति सम्मान तथा आदरभाव व्यक्त गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि नेपाली जनताले पटक—पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, १९ दिने ऐतिहासिक जनआन्दोलन २, सशस्त्र संघर्ष, जनयुद्धको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान वीर शहीदहरु प्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, घाइते, अपाङ्ग, बेपत्ता योद्धाहरुको त्याग, तपस्या र बलिदान तथा अग्रजहरुको अतुलनीय योगदानको उच्च सम्मान गर्दछु।

३. भूमे गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, दीगो विकास लक्ष्य, प्रचलित कानूनी व्यवस्था, नेपाल सरकार, प्रदेश सरकार र भूमे गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य उद्देश्य, मध्यमकालीन खर्च संरचना, गाउँसभा सदस्यहरुको प गाउँपालिकाका पूर्वजनप्रतिनिधिहरु, गाउँसभामा प्रतिनिधित्व रहेका र नरहेका गाउँपालिकामा सक्रिय राजनीतिक दलहरु, शिक्षक, बुद्धिजिवी, समाजसेवी, सहकारी, संघसंस्था, लक्षित वर्ग समूहका समूह सञ्जालका प्रतिनिधिहरु तथा राष्ट्रसेवक कर्मचारीहरुबाट प्राप्त सुझाव र नागरिक अपेक्षा र आवश्यकतालाई आधार बनाएको छु ।

४. सफा र हरियालीः समृद्ध भूमे दीर्घकालीन सोंच सहित भूमे गाउँपालिकालाई नमूना गाउँपालिकाको रुपमा विकास गर्न समृद्धिका आधार र आयामहरु समेटेर सन्तुलित र योजनावद्ध विकास गर्ने गरी  राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता, आवधिक योजना, अन्तर्राष्ट्रिय प्रतिवद्धता, एकीकृत गुरुयोजना र गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेको दीर्घकालीन सोँच, लक्ष्य र उद्देश्य प्राप्तिमा प्रतिवद्ध र केन्द्रित गरी बजेट तथा कार्यक्रमलाई लक्षित गरेको छु।

**सभाका अध्यक्षज्यू,**

अब म चालु आर्थिक वर्षसम्मको अवस्था र नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५. जिल्लाको साझा सरोकार, अन्तरपालिका समन्वय र सहकार्य तथा आपसी एकतालाई मजबुत पार्ने खालका साझा सरोकारका आयोजनाहरु पहिचान भई जिल्लास्तरको कार्ययोजना समेत तयार भएकाले अन्तरपालिका साझेदारीमार्फत न्यून लागतमा अधिकतम् उपलब्ध हासिल हुने आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न सकिने अवसर छ ।

६. चालु आर्थिक वर्षको जेठ मसान्तसम्म स्थानीय सञ्चित कोषमा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु. १० करोड ७४ लाख ५० हजार, सशर्त अनुदान चालु वापत रु. १७ करोड ७९ लाख पाँच हजार र सशर्त अनुदान पूँजीगत वापत रु. चार करोड ५५ लाख ५० हजार, समपूरक अनुदान वापत ५० लाख, विशेष अनुदान वापत रु. एक करोड प्राप्त भएको छ भने प्रदेश सरकारबाट समानीकरण अनुदान वापत रु. ५० लाख पाँच हजार पाँच सय, सशर्त अनुदानवापत रु. ३६ लाख ३५ हजार, विशेष अनुदान चालु वापत रु. १५ लाख  तथा विशेष अनुदान पुँजीगत वापत ३२ लाख ५० हजार र समपूरक अनुदान वापत रु. ७५ लाख प्राप्त भएको छ । नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडबाट रु. ४ करोड ३५ लाख ८८ हजार दुई सय छहत्तर, प्रदेश सरकारबाट सवारी साधन कर राजस्व बाँडफाँडबाट रु. ४५ लाख ५५ हजार चार सय त्रिपन्न र आन्तरिक आयतर्फ रु. ४८ लाख तीन सय सतहत्तर रुपैयाँ जम्मा भएको छ । गत आर्थिक वर्षबाट बचत भई सञ्चित कोषमा मौज्दात रहेको रु तीन करोड ६५ लाख ८३ हजार छ सय अन्ठान्बे गरी कुल ४५ करोड ६६ लाख ८३ हजार तीन सय छपन्न रुपैया प्राप्त भएको छ ।

७. खर्चतर्फ स्थानीय सञ्चित कोषबाट चालुतर्फ रु. २२ करोड ३४ लाख १२ हजार दुई रुपैयाँ र पूँजीगततर्फ रु. ११ करोड २१ लाख ८२ हजार दुई सय तेत्तीस गरी कूल ३३ करोड ५५ लाख ९४ हजार दुई सय पैंतीस रुपैंयाँ खर्च भएको छ ।

८. चालु आर्थिक वर्षको विषयगत शाखा तथा कार्यालयहरुबाट सम्पादित कार्यको प्रगति र समीक्षा प्रतिवेदन पनि यस सम्मानित सभासमक्ष पेश गरेको छु ।

**सभाध्यक्ष महोदय,**

९. आगामी आर्थिक वर्षहरुमा गाउँपालिकाको समुन्नतिका लागि सामाजिक न्याय सहितको दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्न लगानी तथा त्यसको उत्पादकत्व बढाउनु पर्नेछ। सरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यबाट यो लक्ष्य हासिल गर्नुपर्नेछ। सरकारको बजेटको खर्चलाई प्रतिफलमुखी बनाउँदै पूजीगत खर्च गर्न सक्ने क्षमता र पूँजीगत खर्चको गुणस्तर बढाउन प्रभावकारी बजेट कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनका साथै थप मेहनत गर्नु पर्नेछ। आगामी बजेट तथा कार्यक्रम यी विषयहरुलाई सम्बोधन गर्नेतर्फ परिलक्षित भएर घाटा बजेट प्रस्तुत गरिएको छ।

१०. सीमित साधन स्रोत र जनशक्ति उपलब्धताका वाबजुद पनि सन्तोषजनक कार्यसम्पादन भइरहेको छ। गुणस्तरीय सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण, सचेत समाज निर्माण, विकासको छनौट, कार्यान्वयन र वितरण लगायत हरेक तहमा हरेकको अर्थपूर्ण सहभागिता र सुशासन प्रवर्द्धनमा यो पालिका प्रतिवद्ध छ।

११. बजेट विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनका लागि राजनीतिक संयन्त्र, व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको सहयोगमा पालिकामा उपलब्ध प्राकृतिक तथा मानवीय लगायत सबै प्रकारका स्रोत तथा साधनको कुशलतापूर्वक परिचालन र उपयोग गर्दै सुशासन, विकास र समृद्धिमार्फत नागरिकको जीवनस्तरमा सकारात्मक एवं गुणात्मक परिवर्तन र समृद्ध पालिका निर्माण गर्ने पर्याप्त सम्भावना हामीसँग छ ।

**सभाअध्यक्षज्यू महोदय,**

१२. यी सम्भावनाहरुलाई मूर्तरुप दिन यस गाउँपालिकाको समग्र आर्थिक परिदृष्यमा देखिएका मूलभूत चुनौतिहरु यस प्रकार प्रस्तुत गरेको छुः

**क) आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि**

**ख) कार्यान्वयन क्षमता वृद्धिः**

**ग) सार्वजनिक निर्माणको गुणस्तरीयता र संरक्षणः**

**घ) आर्थिक तथा सामाजिक विकास गर्नु**

**ङ) स्थानीयस्तरमा रोजगारी सृजनामार्फत यूवाहरुलाई गाउँमै फर्काउनु,**

**च) सुशासन अभिवृद्धिः**

**सभाअध्यक्षज्यू महोदय,**

१३. हाम्रा थुप्रै चुनौतिहरु रहेता पनि समृद्ध नेपालको बलियो जगको रुपमा रहेको स्थानीय तहलाई मजबुट बनाउन आम जनताको उल्लेख्य तत्परता र सहभागिता लगायतका स्वयंसेवा प्रणाली तथा मुद्रा परिचालन लगायतका प्रचुर सम्भावनाहरुको परिचालन मार्फत **सफा र हरियालीः समृद्ध भूमे** निर्माण गरी नागरिकको जीवनस्तरमा गुणस्तरीयता ल्याउने अवसर प्राप्त भएको छ। विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरिएको छ। यो बजेटका उद्देश्यहरु यसप्रकार प्रस्तुत गरेको छुः

क) उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आर्थिक स्थायित्व कायम गर्ने,

ख) शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिँदै आम नागरिकहरुलाई गुणस्तरीय सेवा उपलब्ध गराउने,

ग) सबै वर्ग, लिङ्ग, समूहको अपनत्वकरण मार्फत समतामूलक सभ्य समाजको निर्माण र सरकारको प्रभावकारिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्ने,

घ) कृषि, उद्योग, पर्यटन र सेवा क्षेत्रहरुमा उत्पादन तथा रोजगारी वृद्धि गरी गरिबी न्यूनीकरण गर्ने,

ङ) उपलब्ध साधन स्रोतको अधिकतम उपयोग र प्रभावकारी परिचालनमार्फत् आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने,

च) दिगो, अन्तरसम्बन्धित भौतिक पूर्वाधारहरुको विकास तथा विस्तारमार्फत सुरक्षित संरचनामा जोड दिने ।

१४. यी उद्देश्यहरु हासिल गर्नको लागि आर्थिक वर्ष २०८०/०८१ को बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छः

क) कृषि, पर्यटन, उद्योग तथा मानव संशाधनको क्षेत्रमा जोड,

ख) घरेलु तथा साना उद्योग प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व वृद्धि र बजारीकरणमा जोड,

ग) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई लगायतका क्षेत्रमा जोड

घ) पर्यटन पूर्वाधारको विकास तथा प्रवर्द्धन, जलविद्युत उत्पादन, उद्योग स्थापना लगायतका क्षेत्रमा सरकारी, निजी र सहकारी क्षेत्रको लगानी आकर्षण तथा रोजगारी प्रवर्द्धन

ङ) स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण

च) अन्तरसम्बन्धित पूर्वाधार विकास र पूँजी निर्माण

छ) विपद् व्यवस्थापन, वन तथा भू—संरक्षण, जलवायु परिवर्तन अनुकूलन

ज) संस्थागत विकास तथा शासकीय सुधारमार्फत विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा नागरिकको जनसहभागिता सहितको सुशासनमा जोड,

झ) नवप्रवर्तन, वैज्ञानिक अनुसन्धान र विकास ।

**सभाध्यक्ष महोदय,**

अब म यिनै चुनौति, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष २०८०/०८१ को व्ययको अनुमान यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु।

१५. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, राजस्व बाँडफाँड वापत प्राप्त हुने रकम, आन्तरिक आय तथा ऋणबाट प्राप्त हुने रकमलाई अनिवार्य दायित्व, क्रमागत आयोजना, पालिकास्तरीय आयोजना र वस्तीस्तरबाट माग भएका वडास्तरीय आयोजनाहरुमा आवश्यक बजेट विनियोजन गरेको छु ।

१६. सशर्त अनुदानका रुपमा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त आयोजना तथा कार्यक्रमहरु पालिकाको प्राथमिकताको आधारमा छनौट गरी प्राप्त मार्गदर्शन बमोजिम समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

१७. यस गाउँपालिकाबाट सिफारिश भई माग गरिए बमोजिम नेपाल सरकार र प्रदेश सरकारबाट स्वीकृत भई आएका समपूरक अनुदानतर्फको आयोजना कार्यान्वयन गर्न तथा स्थानीय तहको लागत सहभागिता सुनिश्चित गर्न रु. दुई करोड विनियोजन गरेको छु।

१८. पालिकाको सिफारिश बमोजिम नेपाल सरकारबाट प्राप्त विशेष अनुदानतर्फ पोषणमैत्री नमूना टोल र स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका लागि रु. ८० लाख विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अब म मुख्य मुख्य क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव पेश गर्ने अनुमति चाहन्छु।

**पालिकास्तरीय गौरवका आयोजना**

१९. गाउँपालिकाका सबै वडा तथा वस्तीहरुलाई सडक सञ्जालमा जोड्ने गरी सडक पूर्वाधार विकासतर्फ **चक्र सडक, सहायक सडक र ग्रामीण कृषि सडक**मा विभाजन गरी बजेट व्यवस्था गरेको छु । मुख्य टोलवस्तीहरुमा सडक पहुँच र निर्मित सडकको स्तरोन्नति तथा मर्मत सम्भारका लागि आवश्यक क्रमागत बजेटको व्यवस्था मिलाएको छु ।

२०. गाउँपालिकाको मापदण्ड बमोजिमको **प्रशासनिक भवन** निर्माणका लागि क्रमागत रु. ३० लाख, **वडा कार्यालयहरुको भवन** निर्माणतर्फ १ नं वडा कार्यालयको भवन र ७ नं. वडा कार्यालयको भवन निर्माणका लागि रु. दुई करोड बजेट विनियोजन गरी यसै आर्थिक वर्षदेखि कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

२१. **मारिङ कृषि अनुसन्धान केन्द्र**लाई कृषि उद्योग र कृषि पर्यटनको नमूनाको रुपमा विकास गर्न पूर्वाधार विकासतर्फ जोड दिएको छु । मारिङमा नयाँ प्रजातिको विरुवा परीक्षण स्थल तथा कृषि अनुसन्धानका लागि प्रयोगशाला स्थापना र सामूहिक खेती

प्रणालीको नमूनाको रुपमा विकास गर्न अनुसन्धान केन्द्रका लागि कूल रु. ५९ लाख ८० हजार रुपैया विनियोजन गरेको छु।

२२. स्थानीय उत्पादनको संकलन, लामो अवधिसम्मका लागि भण्डारण तथा आवश्यकतानुसार बजारीकरण गर्ने गरी वडा नं. ३ सिसाघारीमा **कोल्ड स्टोर निर्माण**का लागि समपूरक अनुदानबाट कार्यान्वयन हुने गरी रु. २ करोड बजेट विनियोजन गरेको छु ।

२३. **वैकल्पिक ऊर्जा सौर्य प्लान्ट परियोजना सम्भाव्यता अध्ययन र थबाङखोला जलविद्युत आयोजना**लाई सार्वजनिक निजी साझेदारी अवधारणामार्फत कार्यान्वयन गर्न आवश्यक नीतिगत व्यवस्था गरी आम नागरिकको समेत लगानी र प्रतिफलमाथि अधिकार हुने ढङ्गले निर्माण कार्य अगाडि बढाउन आन्तरिक ऋणबाट बेहोर्ने गरी सुरुवातमा रु. एक करोड विनियोजन गरेको छु ।

२४. गाउँपालिकास्तरीय **बृहत रङ्गशाला महत**को पूर्वाधार निर्माणका लागि नेपाल सरकारसँगको साझेदारीमा कार्यान्वयन गर्ने गरी रु. २५ लाख विनियोजन गरेको छु।

२५. **पर्यटन पूर्वाधार**तर्फ महत युद्ध स्मारिका पार्क तथा पूर्वाधार निर्माण, बराह दह संरक्षण तथा पूर्वाधार निर्माण, गुरिल्ला पद मार्ग निर्माण, गोन्टे झरना पदमार्ग निर्माण जस्ता पर्यटन पूर्वाधार निर्माणका लागि ६५ लाख बजेट विनियोजन गरेको छु। तीन बहिनी धार्मिक स्थल पदमार्ग निर्माण, चुनबाङ शान्ति संग्रहालय पूर्वाधार निर्माण, मगर सांस्कृतिक ग्राम लुकुमको पूर्वाधार निर्माणका लागि लुम्बिनी प्रदेश सरकारबाट समेत बजेट विनियोजन भएको छ।

२६. नेपाल सरकारबाट प्राप्त गाउँपालिकास्तरीय **आधारभूत अस्पताल चुनबाङको पूर्वाधार निर्माण** कार्य अन्तिम चरणमा पुगेको छ। निर्माण कार्य सम्पन्न गरी अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

## कृषि प्रविधि र प्रणालीमा सुधारः समृद्धिको आधार

२७. खाद्य सुरक्षा, खाद्य संप्रभूताका साथै पोषण सुरक्षा सुनिश्चतताको मान्यता अनुरुप उत्पादक र उपभोक्ताको अधिकार सुनिश्चित गर्ने गरी कृषिमा विविधिकरण,

व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरणमा जोड दिई सोही बमोजिम बजेट तथा कार्यक्रमको व्यवस्था गरेको छु ।

२८. पहिलो चरणमा पहिचान गरएका किसानहरुलाई कृषक सूचीकरण व्यवस्थापन प्रणालीमा अद्यावधिक गरेपछि मात्र वडा कार्यालय तथा गाउँपालिकाका विषयगत कार्यालयबाट अन्य सेवा तथा अनुदान दिने नीति अङ्गिकार गरी आगामी आर्थिक वर्षभित्रै कृषक पहिचान, सूचीकरण तथा वर्गीकरण कार्यक्रम सम्पन्न गर्ने गरी बजेट समेत व्यवस्था गरिएको छ। वर्गीकरणपश्चात अनुदान सम्बन्धी मापदण्ड तयार गरी अति विपन्न कृषकलाई पूर्ण अनुदान, कृषि उद्यम गर्न चाहने कृषक तथा यूवाहरुलाई साझेदारिता सुनिश्चित हुने गरी आंशिक अनुदान र उत्पादित वस्तुको बजारीकरण तथा भण्डारणमा सहुलित दिने कार्यक्रमका लागि शुरुवाती आवश्यक बजेट व्यवस्था गरेको छु।

२९. पोषण तथा खाद्य सुरक्षा सुनिश्चतताका लागि हरेक वडामा **रैथाने बाली प्रवर्द्धन**, एक घर एक करेसाबारी, सामूहिक तरकारी खेती, फलफूल खेती, विद्यालय नर्सरी तथा करेसाबारी निर्माण जस्ता कार्यक्रमहरु सञ्चालन, लोपोन्मुख रैथाने बाली तथा बीउ संरक्षणका लागि कालो धान, चिनो, कागुनो, उवा, जुनेलो लगायतका उत्पादन प्रवर्द्धनका लागि अनुदानमा बीउ वितरण तथा रैथाने बालीहरुको **बीउ बैंक स्थापना** जस्ता कार्यक्रमका लागि बजेट सुनिश्चितता गरेको छु ।

३०. भूमि बैंकको अवधारणालाई स्थानीय अनुकूलतामा कार्यान्वयन गर्न कृषि र वन विकास कार्यक्रममार्फत बाँझो र पाखो जग्गालाई अधिकतम उपयोग गर्ने गरी व्यावसायिक खेती तथा वृक्षारोपन कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ। बाँझो, पाखो सार्वजनिक तथा निजी जग्गाहरुमा जनप्रतिनिधि, कर्मचारी तथा आम नागरिकहरुले जीवनका महत्वपूर्ण क्षणहरुमा मौसमी तथा बहुउपयोगी बोट विरुवा रोप्ने स्वयंसेवी र प्रवर्द्धनात्मक अभियान सञ्चालन गर्न बजेट तथा कार्यक्रमको व्यवस्था गरेको छु ।

३१. भूमे गाउँपालिकालाई अर्गानिक गाउँपालिकाको रुपमा जीवित राख्न प्लाष्टिकजन्य तथा रासायनिक पदार्थ आयात र प्रयोगमा पूर्ण र कडाईका साथ रोक लगाई कृषक समूह तथा सहकारीमार्फत जैविक विषादी, प्राङ्गारिक मल उत्पादन तथा वितरण कार्यक्रम बनाई कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३२. स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गर्न उत्पादनका आधारमा प्रोत्साहन दिन **कोदो, फापर, सिमी, भटमास, माटे, चिनो, कागुनो, कालो धान** जस्ता स्थानीय महत्वका लोपोन्मुख रैथाने बालीहरु उत्पादन गरी आफूले उपभोगपछि बिक्री गरेमा सहकारी तथा कृषि उपज संकलन केन्द्रमार्फत खरिद गरी बजार मूल्यको ५०% थप प्रोत्साहन अनुदान दिने व्यवस्थालाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ ।

३३. कृषितर्फको जनशक्ति अभाव पूर्ति गर्न "एक गाउँ एक प्राविधिक" कार्यक्रमलाई निरन्तरता दिएको छु। कृषि प्राविधिकको प्रभावकारी ढङ्गले परिचालन गर्न स्वयंसेवक कृषि प्राविधिक परिचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३४. स्थानीय उत्पादनको बजारीकरण तथा उपभोगको संस्कृति विकास गर्न **खाद्य आनीबानी परिवर्तन र पोषणयुक्त खाद्यवस्तु उपभोग सम्बन्धी सचेतनामूलक कार्यक्रम** सञ्चालन गरिनेछ। साथै हाल सञ्चालनमा रहेको सहकारी बजार सञ्चालन तथा व्यवस्थापनलाई सहकारीसँगको समन्वयमा थप प्रभावकारी बनाइनेछ।

३५. वडास्तरसम्म कृषक सञ्जाल गठन गरी नवीन प्रविधि तथा अनुभव आदान प्रदानका लागि **कृषक चौतारी कार्यक्रम** सञ्चालन गर्न बजेट विनियोजन गरेको छु। इच्छुक अनुभवी कृषकहरुलाई आवश्यकतानुसार हरित स्वयंसेवकको रुपमा परिचालन गर्नुका साथै कृषि पेसालाई सम्मानजनक पेसाका रुपमा विकास गर्न तथा व्यावसायिक कृषि पेसामा आकर्षण गर्न वडास्तरमा र गाउँपालिकास्तरमा **उत्कृष्ट कृषक र उत्कृष्ट विरुवा** छनौट गरी कृषक दिवसको अवसरमा वार्षिक रुपमा पुरस्कृत गर्न तथा सबै भन्दा बढी वृक्षारोपन गर्ने र संरक्षण गर्ने व्यक्तिलाई गाउँपालिकाको **हरित दूतको** उपाधिसहित सम्मान गर्न बजेट व्यवस्था गरेको छु ।

३६. अन्य निकाय र साझेदार संघसंस्थासँगको सहकार्यमा जलवायु परिवर्तन अनुकूलन तथा पर्यावरणीय कृषि प्रणालीमा आधारित **नमूना कृषि गाउँ** कार्यक्रममार्फत कृषि पर्यटन प्रवर्द्धन गर्ने गरी रु. आठ लाख विनियोजन गरेको छु। पहिचान गरिएका केरा पकेट, तरकारी पकेट, मसला बाली पकेट, किवी तथा अन्य फलफूल पकेट जस्ता कृषि पकेटलाई व्यवस्थित रुपमा सञ्चालन गर्न बजेट विनियोजन गरेको छु। अघिल्लो आर्थिक वर्षमा स्थापना भएको स्याउ/ओखर पकेट विकास कार्यक्रमको निरन्तरताका लागि रु ६ लाख बजेट विनियोजन गरेको छु ।

३७. **प्लाष्टिकजन्य झोला, माला र खादाको प्रयोगमा निरुत्साहन गर्ने** लुम्बिनी प्रदेशको नीतिलाई आत्मसाथ गर्दै सफा र हरियाली गाउँपालिका निर्माणका लागि गाउँपालिकाबासीले प्लाष्टिक झोलाको सट्टामा घरायसी झोलाको प्रयोग गर्न र गाउँपालिकाभर सरकारी तथा सार्वजनिक समारोह, स्वागत तथा सत्कारमा खादाको सट्टा अनिवार्य रुपमा फूलको माला प्रयोग गरी स्थानीय व्यवसायी र उत्पादन प्रवर्द्धन गर्ने नीति कार्यान्वयन गर्न **घरायसी झोला उत्पादन र पुष्प खेतीमा अनुदान**का लागि रु तीन लाख रकम विनियोजन गरेको छु ।

३८. कृषक क्षमता अभिवृद्धिका लागि व्यावहारिक र उद्यमशीलता केन्द्रित तालिम, आपसी तथा सरोकारवालासँग अन्तरक्रिया, कृषि प्राविधिक कर्मचारीहरुको क्षमता विकास तालिम, स्थलगत घुम्ती तालिमका लागि आवश्यक बजेट विनियोजन गरेको छु । कृषकहरुको अनुभव आदानप्रदान, कृषि उत्प्रेरणा तथा मनोरञ्जन, कृषि प्रविधि तथा ज्ञान वृद्धिका लागि रेडियो पूर्वी रुकुमसँगको सहकार्यमा साप्ताहिक **रेडियो शिक्षा कार्यक्रम** सञ्चालन गर्न रु. तीन लाख चौरासी हजार रकम विनियोजन गरेको छु ।

३९. कृषक भ्रमण, स्थलगत अवलोकन जस्ता कार्यक्रममार्फत उत्पादन, आय आर्जन, बाली विकास र व्यवसायीकरणमा जोड दिन तथा कृषि तथा पशुपंक्षी सम्बन्धी प्राविधिक सेवालाई घरदैलोमै पुऱ्याउन प्राविधिक जनशक्ति परिचालन तथा स्रोत साधनका लागि बजेट विनियोजन गरिएको छ ।

४०. बैदेशिक रोजगारीबाट कमाउने, सिक्ने, स्वदेश फर्किने र लगानी तथा उत्पादन गर्ने नीतिलाई प्रोत्साहन गर्दै वैदेशिक रोजगारबाट फर्केका र कृषि गर्न चाहने व्यावसायिक योजना भएका व्यक्ति, फर्म तथा समूहलाई माग र आवश्यकताका आधारमा अन्य निकायसँगसमेतको सहकार्यमा **कृषि उद्यम कर्जा** उपलब्ध गराउने गरी सुरुवाती परीक्षण रकमको रुपमा रु. चार लाख रकम विनियोजन गरेको छु । यो कार्यक्रम उपयुक्त भएमा आगामी दिनमा बढाउँदै थप प्रभावकारी बनाउदै लगिनेछ ।

४१. मारिङ कृषि अनुसन्धान केन्द्रमा थप पूर्वाधार निर्माणसहित यन्त्र औजार उपकरण, ग्रीन हाउस मर्मत, फलफूल स्रोत केन्द्र, कृषि उद्योग र कृषि पर्यटन, नयाँ प्रजातिको विरुवा परीक्षण स्थल तथा जडिबुटी उत्पादन सिकाई केन्द्रको रुपमा विकास गर्न आगामी आर्थिक वर्षका लागि रु. ३२ लाख ५० हजार रकम विनियोजन गरेको छु।

४२. वडा समिति तथा विषयगत शाखा तथा इकाईबाट कार्यान्वयन गर्ने गरी कृषिमा विविधीकरण, व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरणमार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न कृषितर्फ कूल तीन करोड ७२ लाख बजेट व्यवस्था गरेको छु।

**स्वस्थ पशुपंक्षीः व्यावसायिक कृषि**

४३. कृषकको लागत समय घटाउन, उत्पादकत्व बढाउन तथा व्यावसायिक पशुपालन प्रवर्द्धनका लागि हरेक वडामा **घाँस स्रोत केन्द्र**, गाउँ गाउँमा **हिउँदे एवं वर्षे घाँसबाली र डाले घाँस नर्सरी** स्थापना गर्न रु. ६ लाख बजेट विनियोजन गरेको छु । पोषणयुक्त पशु आहार निर्माण, पशु हेरचाह र उपचारका लागि तालिम तथा प्राविधिक सेवा सुनिश्चितता गर्ने गरी पशु स्वास्थ्य नियमन, प्रजनन तथा प्रसार सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी आवश्यक बजेट विनियोजन गरेको छु ।

४४. साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिँदै पशु नश्ल सुधार, उन्नत पशु व्यवसाय प्रवर्द्धन गर्नका लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु । पशु प्रजनन स्वास्थ्य र उन्नत जातका पशुपालन प्रवर्द्धन गर्न **कृत्रिम प्रजनन केन्द्र स्थापना तथा ल्याब सञ्चालन**का लागि रु. ५ लाख ८८ हजार बजेट विनियोजन गरेको छु ।

४५. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार र निकायहरुसँगको सहकार्यमा अण्डा, मासु र दूधमा आत्मनिर्भर हुन पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै सम्भावित क्षेत्रहरुमा नमूना भेडा फर्म, बाख्रा फर्म, लोकल कुखुरा फर्म, बंगुर फर्म, गाइ/भैंसी फर्महरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु । पशु स्वास्थ्य नियमन, प्रजनन तथा प्रसार सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउन पशुपंक्षी विकासतर्फ कूल ४७ लाख बजेट विनियोजन गरेको छु ।

**लघुउद्यमको विस्तारः घर घरमा स्वरोजगार**

४६. बाह्य लगानी आकर्षण गर्न आवश्यक नीतिगत तथा प्रशासनिक प्रबन्ध गरी स्थानीय उद्योग क्षेत्रको प्रवर्द्धनमार्फत रोजगारी सृजना र स्वावलम्बनमा जोड दिइनेछ।

**समुदायमा रहेका परम्परागत कुटिर उद्योगहरुलाई सामूहिक उद्योगमा परिणत** गरी व्यावसायिक र आधुनिकीकरणतर्फ परिणत गर्न रु. १० लाख बजेट व्यवस्था गरेको छु ।

४७. व्यवसायिक सीप विकासमार्फत् पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरी आवश्यकता र पहिचानका आधारमा सीप विकास तालिम र प्रविधि हस्तान्तरण गरिनेछ। साझा सुविधा केन्द्र (उद्यम घर)लाई प्रभावकारी रुपमा उपयोग गर्न, शौचालय निर्माण तथा व्यवस्थापनमा बजेटको व्यवस्था गरेको छु ।

४८. घरेलु उद्योगमा आधारित लघु उद्यम प्रवर्द्धन गर्न सबै निकाय तथा संघसंस्थासँग साझेदारी गर्ने नीति लिइनेछ । समूहमा महिला उद्यमशीलतालाई प्रवर्द्धन गर्न **शहिद धनमाया श्रेष्ठ महिला उद्यमशीलता प्रवर्द्धन कार्यक्रम**लाई निरन्तरता दिँदै रु. नौ लाख बजेट विनियोजन गरेको छु ।

४९. लघुउद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा सामाजिक समावेशीकरणको नीतिलाई अङ्गिकार गर्दै लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ। नवप्रवर्तनात्मक उद्योग सञ्चाल गर्न चाहने उद्यमीहरुका लागि मागमा आधारित अनुदान तथा उद्यम प्रवर्द्धन गर्न रु. १० लाख बजेट विनियोजन गरेको छु ।

५०. द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिको जीवनयापनलाई सहज बनाउने खालका जीविकोपार्जनमुखी कार्यक्रममार्फत उद्यमशिलता प्रवर्द्धन गर्न साझेदार निकायसँग समेतको सहकार्यमा सञ्चालन गर्ने गरी माग र आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गर्न रु. १५ लाख बजेट विनियोजन गरेको छु ।

**श्रमको सम्मानः रोजगार प्रवर्द्धन**

५१. रोजगार रणनीति तर्जुमा गरी रोजगार संवाद मञ्चमार्फत श्रमको सम्मानः राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरिनेछ। रोजगार सेवा केन्द्रलाई सुदृढ गर्दै बजारको मागका आधारमा श्रमिक आपूर्ति गर्ने माध्यमको रुपमा विकास गर्नुका साथै श्रम स्वीकृति र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी परामर्श सेवा प्रदान गरिनेछ। रोजगार

सेवा केन्द्रको सुदृढीकरण तथा अभियान कार्यक्रम सञ्चालन गर्न रु. १० लाख बजेट विनियोजन गरिएको छ।

५२. प्राविधिक शिक्षालयहरुसँगको सहकार्यमा व्यावसायिक सीपमा आधारित तालिममार्फत दक्ष जनशक्ति उत्पादन, उपयोग र स्वरोजगार प्रवर्द्धन आवश्यक बजेटको व्यवस्था गरेको छु। गाउँपालिकामा **रोजगार प्रवर्द्धन कोष** स्थापना गरी सहुलियतमा रोजगार कर्जा र सीप विकासमा जोड दिनका लागि रु. दुई लाख बजेट विनियोजन गरेको छु।

५३. प्रधानमन्त्री रोजगार कार्यक्रमले निर्दिष्ट गरे बमोजिम एक आर्थिक वर्षमा न्यूनतम् १०० दिन बराबरको रोजगारीमा सहभागी गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा दिगो र प्रभावकारी हुने खालका आयोजना मात्र सञ्चालन गरी कोही व्यक्ति पनि बेरोजगार नहुने अवस्थाको सृजना गरिनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रममा स्थानीय साझेदारी गर्दै आयोजना सञ्चालन गर्न तथा बेरोजगार सबैलाई स्थानीय तहबाट ३० दिन बराबरको रोजगारी दिलाउन रु. २२ लाख बजेट विनियोजन गरेको छु ।

## दिगो पर्यटनका लागि अन्तरसम्बन्धित क्षेत्रको विकास र पहिचान

५४. दिगो पर्यटन विकासका लागि पर्यटन क्षेत्र गुरुयोजना बमोजिम पर्यटन क्षेत्र पहिचान, सम्भाव्यता अध्ययनका लागि बजेट व्यवस्था गरेको छु । तीन बहिनी धार्मिक स्थल, मारिङ कृषि अनुसन्धान केन्द्र, चुनबाङ शान्ति संग्रहालय, महत युद्ध स्मारिका पार्क लगायतका पर्यटन पूर्वाधारका लागि आवश्यक बजेट विनियोजन गरेको छु । पर्यटन प्रवर्द्धन हुने खालका आयोजना तथा लामो झोलुङ्गे पुल निर्माण तथा अध्ययनका लागि बजेट सुनिश्चितताको व्यवस्था मिलाएको छु ।

५५. प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा साहसिक पर्यटनको पहिचान, संरक्षण, विकास र प्रचारप्रसारका साथै होमस्टे सञ्चालन प्रवर्द्धन सम्बन्धी साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन, आर्थिक उपार्जन र व्यावसायिकता रुपान्तरण सम्बन्धी कार्यक्रमका लागि तहगत सरकार तथा निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्न **साझेदारीमा आयोजना तथा कार्यक्रम सञ्चालन** शीर्षकमा बजेट विनियोजन गरेको छु ।

**एक सहकारीः एक मुख्य चिनारी**

५६. एक सहकारीः एक मुख्य चिनारी अभियानमार्फत गाउँपालिकाभित्रका सबै सहकारी संस्थाहरुले उत्पादन, बचत संकलन तथा बजारीकरण जस्ता कुनै एक क्षेत्रमा उल्लेख्य कार्यक्रम सञ्चालन गर्नुपर्ने नीति अनिवार्यता गरिनेछ।

५७. जिल्ला सहकारी संघ तथा अन्य निकायसँगको समन्वयमा सहकारीको नियमन तथा सहजीकरणका लागि बजेट व्यवस्था गरेको छु। समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारीबीच एकीकरण, निष्क्रिय सहकारी खारेजी र उत्पादनमूलक सक्रिय सहकारीहरुलाई क्षमता विकास तथा प्रोत्साहन गरिनेछ।

५८. बैंक तथा वित्तीय संस्था, सहकारी तथा साझेदार संस्थाहरुसँगको सहकार्यमा गाउँ गाउँमा **डिजिटल वित्तीय साक्षरता कार्यक्रम** सञ्चालन गर्न रु. ४ लाख बजेट व्यवस्था गरेको छु। विगतमा गरिबी निवारण कोषद्वारा प्रवर्द्धित घुम्ती कोषहरुलाई साना सहकारीमा परिणत गरी पूँजी परिचालन र सदुपयोगको व्यवस्था मिलाइनेछ।

**शिक्षामा रुपान्तरणः दक्ष जनशक्ति उत्पादन**

५९. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिलाई ध्यानमा राखी आधारभूत तह र माद्यामिक तहमा गणित विज्ञान अङ्ग्रेजी विषयको नतिजा सुधारका लागि थप कार्यक्रम कार्यान्वयन गर्न तथा उत्कृष्ट शिक्षक, विद्यालय पुरस्कारका लागि बजेट विनियोजन गरेको छु ।

६०. **शिक्षक, अभिभावक र जनप्रतिनिधिबीच नियमित अन्तरक्रिया** कार्यक्रममार्फत शिक्षा क्षेत्रका आवश्यकता र समस्या पहिचान गर्ने, कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने र सुधारका लागि सबैको सार्थक पहल चाल्न नियमित रुपमा कार्यक्रम सञ्चालन गर्ने गरी बजेट व्यवस्था गरेको छु। विद्यार्थीको शैक्षिक गुणस्तर कायम गर्न **कक्षा ४ देखि कक्षा १० सम्म प्रश्नपत्रमा एकरुपता** कायम गर्नुका साथै विद्यालय तथा शिक्षक लक्षित दण्ड र पुरस्कारको नीति अवलम्बन गरिनेछ।

६१. प्रधानाध्यापकलाई प्रोत्साहन तथा थप जिम्मेवारी प्रदान गरी विद्यालयको प्रशासकीय र व्यवस्थापकीय सुधारका लागि **प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता** गरी सूचकका आधारमा नियमित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरी विद्यालय शिक्षा सुधार परियोजनालाई व्यवस्थित गरी कडाइका साथ कार्यान्वयन गरिनेछ।

६२. बालबालिकाको संवेगात्मक विकास तथा व्यावहारिक ज्ञानमा वृद्धि गर्न विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि विद्यालयलाई व्यवस्थापन खर्च उपलब्ध गराउन तथा स्थानीय **तथ्याङ्क संकलनमा विद्यार्थी परिचालन** गर्न बजेट व्यवस्था गरेको छु ।

६३. केन्द्रबाट नमूना विद्यालय छनौट भएको नेपाल राष्ट्रिय माद्यामिक विद्यालय चुनबाङको क्रमागत पूर्वाधार निर्माण तथा व्यवस्थापनका लागि रु एक करोड ५० लाख रकम विनियोजन भएको छ।

६४. सुरक्षित विद्यालयको अवधारणामा गुणस्तरीय शैक्षिक, भौतिक पूर्वाधार निर्माण तथा मर्मतका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु । शिक्षक दरबन्दी मिलान गरी सामुदायिक विद्यालयहरुमा आवश्यक दरबन्दी नभई आम जनतामा पर्न गएको भार, शिक्षक अपुग भएर आवश्यक न्यूनतम् पाठ्यघण्टा समेत नपुग्ने अवस्थालाई मध्यनजर गर्दै आवश्यकता र औचित्यताका आधारमा स्वयंसेवक शिक्षक निरन्तता हुने गरी शिक्षण सिकाई अनुदान वापत रु ९८ लाख १६ हजार रकम विनियोजन गरेको छु ।

६५. शैक्षिक पहुँच सुनिश्चितताका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्न रु. बजेट व्यवस्था गरेको छु। प्रतिस्पर्धात्मक प्रविधिमैत्री शिक्षा प्रवर्द्धनका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

६६. शैक्षिक तालिम केन्द्रलाई थप व्यवस्थित गर्दै अन्तर सरकार समन्वय र साझेदार निकायसँगको समन्वय र सहकार्यमा सूचना प्रविधि, नविनतम प्रविधि तथा शिक्षण सिकाई सीप सम्बन्धी तालिम सञ्चालन गरिनेछ। स्थानीयस्तरमा उपलब्ध सामग्रीहरुको अधिकतम उपयोग गरी शिक्षण सिकाई सामग्री निर्माण तथा क्षमता विकास सम्बन्धी कार्यशाला सञ्चालन गर्न बजेट तथा कार्यक्रमको व्यवस्था मिलाएको छु।

६७. आर्थिक अभावका कारणले व्यावसायिक उच्च शिक्षा हासिल गर्ने अवसरबाट बञ्चिति व्यहोर्नुपरेका मेधावी विद्यार्थीहरुलाई प्राविधिक र व्यावसायिक शिक्षा हासिल गर्नका लागि **शैक्षिक कर्जा कार्यक्रम** निरन्तरता दिँदै रु. १० लाख बजेट विनियोजन गरेको छु। आधारभूत तहदेखि माध्यामिक तहसम्म गाउँपालिकाभित्रकै सामुदायिक विद्यालयमा अध्ययन गरेका मेधावी विद्यार्थीहरुलाई **शैक्षिक छात्रवृत्ति**को व्यवस्था तथा शैक्षिक संस्थाहरुसँग साझेदारी गरिनेछ।

६८. जनयुद्धकालमा स्थापित शहीद वासु स्मृति नमूना जनवादी विद्यालयलाई जीवन्त संग्रहालयको रुपमा विकास गर्दै शहीद सन्तति, अनाथ, अभिभावकविहिन बालबालिकाहरुको संरक्षण, हेरचाह, लालनपालन तथा उनीहरुलाई आवासीय पठनपाठनको व्यवस्थाका लागि रु. तीन लाख बजेट व्यवस्था गरेको छु।

६९. सामुदायिक विद्यालयको व्यवस्थापन शैली, शिक्षण तथा अतिरिक्त क्रियाकलाप, शैक्षणिक विधि जस्ता असल अभ्यास र सिकाई आदानप्रदानका लागि **मितेरी स्कुल कार्यक्रम** सुरुवातका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु।

७०. शिक्षक तथा विद्यार्थीहरुलाई प्रतिस्पर्धात्मक विधिमार्फत प्रविधिमा आधारित शिक्षण सामग्री उत्पादन, अडियो भिडियो, **सूचना तथा सञ्चार प्रविधिमा आधारित पुस्तकालय तथा कक्षा निर्माण** कार्यक्रमलाई जोड दिइनेछ। **प्रविधिमैत्री कक्षा र प्रविधिमा आधारित शिक्षा** कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७१. स्थानीय पाठ्यक्रममा वृहत्तर यौनिकता तथा प्रजनन स्वास्थ्य शिक्षा सहितको पाठ्यसामग्री निर्माण र मगर खाम भाषामा आधारित बहुभाषा शिक्षण पुस्तक छपाईका लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु। **किशोरकिशोरीमैत्री नमूना सूचना केन्द्र**को सञ्चालन तथा विस्तारका वडा समिति तथा गाउँ कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन हुने गरी लागि रु. ६ लाख बजेट व्यवस्था गरेको छु ।

## हाम्रो स्वास्थ्यः हाम्रो भविष्य र हाम्रो जीवन

७२. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँचको सुनिश्चितताका लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार र अन्य सरकारी तथा गैरसरकारी

संघसंस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ। नसर्ने तथा दीर्घ रोगहरुको पहिचान र निदानका लागि सबै वडामा घुम्ती स्वास्थ्य शिविर सञ्चालन, स्वास्थ्य सेवाको पहुँच कम भएका टोलहरुमा विशेषज्ञ सहितको एकीकृत घुम्ती स्वास्थ्य शिविर र स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्न रु. ८ लाख बजेट विनियोजन गरेको छु।

७३. द्वन्द्व पीडित, अति विपन्न परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति र दीर्घ रोगीहरुको तथ्याङ्क संकलन तथा पुनर्प्राथकिकीकरण गरी निःशुल्क स्वास्थ्य बीमाका लागि बजेट विनियोजन गरेको छु । अशक्त, असहाय र **७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरघरमै स्वास्थ्य सेवा र दीर्घ रोगीहरुलाई निःशुल्क औषधीको व्यवस्था** गर्न बजेट व्यवस्था गरेको छु ।

७४. स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण तथा संस्थागत प्रणालीमा थप सुदृढिकरण गर्दै स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरण, द्रुत टिम, स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था तथा परिचालनका लागि बजेट व्यवस्था गरेको छु।

७५. स्वास्थ्य संस्थाहरुलाई न्यूनतम सेवा मापदण्डको प्रगतिको आधारमा मूल्याङ्कन गरी सुदृढिकरण गरिनेछ। स्वास्थ्य पूर्वाधार, पोषण सुधार, स्वास्थ्य सेवा प्रवर्द्धनमा जोड दिइनेछ ।

७६. संघ तथा प्रदेश सरकारले लिएको स्वास्थ्य सम्बन्धी नीतिलाई स्थानीयकरण गर्दै परिवार कल्याण कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, महमारी रोग नियन्त्रण कार्यक्रम, एकीकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना, उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम जस्ता कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाई रु. चार करोड एक लाख सत्र हजार रकम विनियोजन गरेको छु ।

७७. नसर्ने रोगको रोकथाम तथा प्राकृतिक चिकित्सा पद्धतिलाई प्रवर्द्धन गर्न प्रदेश सरकारसँगको सहकार्यमा आरोग्य केन्द्र, योग ध्यान शिविर, सामाजिक परामर्श तथा गृहिणी भान्सा सुधार कार्यक्रम सञ्चालन गर्न बजेट सुनिश्चित गरेको छु ।

७८. गर्भवती र सुत्केरी आमाको मृत्युदरलाई शून्य पार्न प्रसूति चेकजाँच र रेफरका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ। संस्थागत सुत्केरी प्रोत्साहनका लागि

स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई **पोषण तथा सरसफाई झोला** उपलब्ध गराउन रु. तीन लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

७९. निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवालाई गुणस्तरीय एवं जनमुखी बनाउन अभिलेखीकरण, प्रभावकारी अनुगमनमा जोड दिइनेछ। तिलगंगा आँखा प्रतिष्ठानसँगको सहकार्यमा गाउँपालिकामा कम्तिमा एउटा सहरी **आँखा उपचार केन्द्र स्थापना** गरिनेछ।

८०. महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई विस्तार गरी अभिलेखीकरण र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिन बजेटको व्यवस्था मिलाएको छु ।

८१. अति विपन्न व्यक्ति उपचार सहायताका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा निःशुल्क एम्बुलेन्स सेवा तथा मापदण्ड बमोजिम थप उपचार सहायताको व्यवस्था गरिनेछ ।

८२. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण संवेदनशील, पोषण विशेष र पोषण सुधारका लागि विपन्न समुदायका महिला समूह तथा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार गर्न अनुदान जस्ता कार्यक्रमहरु सञ्चालन गर्न रु. १० लाख रकम बजेट विनियोजन गरेको छु। नेपाल सरकारको विशेष अनुदानमा पोषणमैत्री स्थानीय तह तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमबाट छानिएका टोल वस्तीमा सघन पोषण कार्यक्रम, नमूना पोषण टोल समिति गठन, उत्पादन प्रवर्द्धन, पोषण आत्मनिर्भरताका लागि **घरघरमा करेसाबारी निर्माण** अनुदान, **हरेक घर दश फलफूल विरुवा रोपन कार्यक्रम** सञ्चालन तथा समग्र गाउँपालिकाभर पोषण आत्मनिर्भर कार्यक्रम, कृषि सुधार तथा स्वस्थ जीवनशैली र स्वास्थ्य प्रवर्द्धनात्मक कार्यक्रममार्फत स्वास्थ्य तथा पोषणमा उल्लेख्य सुधार ल्याइनेछ । पोषणमैत्री स्थानीय तह तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका लागि रु. ८० लाख बजेट विनियोजन गरिएको छ।

८३. किशोर किशोरीहरुको प्रजनन स्वास्थ्य सेवा, सूचनामा पहुँच अभिवृद्धि गर्न सबै स्वास्थ्य संस्थाहरुमा किशोर किशोरीमैत्री स्वास्थ्य सेवा तथा विद्यालयहरुमा सूचना केन्द्र स्थापनालाई निरन्तरता र प्राथमिकता दिइनेछ। विद्यालय तथा स्वास्थ्य

संस्थाहरुमा निःशुल्क स्यानिटरी प्याडको उपलब्धता र फोहर व्यवस्थापनको सुनिश्चितता गर्न बजेट व्यवस्था गरिएको छ ।

८४. दूर्घटना तथा प्रकोपजन्य महामारी रोकथाम तथा नियन्त्रणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक सेवा सुनिश्चितताका लागि प्रारम्भिक ट्रमा उपचार सेवा युनिट स्थापना, झटपट झोला तथा प्राथमिक उपचारका लागि आवश्यक पर्ने औषधी तथा सामग्री खरिदका लागि बजेटको व्यवस्था गरेको छु ।

**सुरक्षित खानेपानी र पूर्ण सरसफाईयुक्त गाउँपालिका अभियान**

८५. गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (वास योजना) बमोजिम **मुहानदेखि मुखसम्म सुरक्षित खानेपानी**को सुनिश्चतताका लागि खानेपानी शुद्वता परीक्षण इकाईमार्फत हरेक ६/६ महिनामा मुहान, ट्याङ्की तथा धाराको पानी शुद्धता जाँच गर्न बजेट व्यवस्था गरेको छु ।

८६. वास योजनाको प्राथमिकीकरण बमोजिम तहगत सरकार तथा साझेदार संस्थाहरुसँगको सहकार्यमा एक घर एक धारा तथा सार्वजनिक शौचालय निर्माण कार्य अगाडि बढाइनेछ। गोर्खा वेलफेर ट्रष्टको सहयोगमा वडा नं. ३ र ७ मा थप तीन वटा खानेपानी आयोजनाबाट २७५ घरधुरीमा एक घर एक खानेपानी सुविधा विस्तार गरिनेछ । नेपाल सरकार तथा प्रदेश सरकारबाट सञ्चालित खानेपानी आयोजनाहरु आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्न थप पहल तथा सहकार्य गरी एक घर एक खानेपानी सुविधा पहुँच विस्तार गरिनेछ। स्वास्थ्य संस्था तथा विद्यालयहरुमा तीन तारे अवधारणामा खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८७. टोल विकास संस्थामार्फत कुहिने र नकुहिने फोहर वर्गीकरण गरी टोलस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालनका साथै फोहरको पुनर्प्रयोग तथा आफूले गरेको फोहरको व्यवस्थापन आफै गर्नुपर्ने अन्यथा व्यवस्थापनका लाथि थप शुल्क व्यहोर्नुपर्ने नीति अवलम्बन गरिनेछ। भकारो सुधार, सुधारिएको चुल्हो, एक घर दश फलफूल विरुवा, एक घर एक शौचालय, भान्छा सरसफाई कार्यक्रमलाई निरन्तरता दिई आगामी वर्षभित्रै **पूर्ण सरसफाईउन्मुख गाउँपालिका घोषणा** गरिनेछ।पूर्ण सरसफाई रणनीतिक कार्ययोजना समुदाय तथा गैरसरकारी संघसंस्थासँगको

साझेदारीमा अभियानमूलक कार्यक्रम सञ्चालन गर्न रु. १५ लाख बजेट विनियोजन गरेको छु।

८८. स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा ढल निकास व्यवस्थापनमा विशेष ध्यान दिईनेछ। काँक्री, तल्लो साकिम, धर्मशाला, नाम्फू वस्तीको ढल व्यवस्थापनका लागि रु. २५ लाख रकम विनियोजन गरेको छु। नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा घना वस्तीहरुको ढल व्यवस्थापन सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ।

### मौलिक कला संस्कृतिको प्रवर्द्धन अभियानः भूमेको पहिचान

८९. मौलिक तथा लोपोन्मुख कला संस्कृतिको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका लागि भूमे सांस्कृतिक महोत्सव तथा प्रतियोगितात्मक कार्यक्रम कार्यक्रम सञ्चालनका लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु। परम्परागत मौलिक संस्कृतिसँग सम्बन्धित धनुष वाण, डण्डिवियोजस्ता लोपोन्मुख खेलकूद प्रतियोगिताका लागि बजेट व्यवस्था गरेको छु।

९०. लोपोन्मुख भाषा संस्कृतिको संरक्षण र विकास गर्ने, जनसहभागिता, लागत साझेदारी र सामूहिक झारा प्रथाबाट स्थानीय विकास निर्माण कार्यमा उत्कृष्ट थालनी गर्ने गाउँ टोललाई प्रोत्साहन गरी **उत्कृष्ट गाउँ/समुदायलाई पुरस्कृत** गर्ने नीति लिइनेछ। भाषा, कला संस्कृतिको जगेर्ना तथा संरक्षण सम्बन्धी तालिम, लोक बाजा तथा सामग्री खरिद, सांस्कृतिक पूर्वाधार निर्माणमा साझेदारीमार्फत विकास गर्न भाषा तथा संस्कृतितर्फ रकम विनियोजन गरेको छु ।

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

९१. नेपालको संविधानले व्यवस्था गरेको सामाजिक समावेशीकरण तथा लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लैङ्गिक समता र समानता, सशक्तिकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ। सामाजिक सुरक्षा तथा संरक्षणका लागि **४० देखि ६० वर्षसम्मका एकल महिला तथा ४० देखि ६८ वर्षसम्मका एकल पुरुष लक्षित जीवन उत्थान कार्यक्रम** सञ्चालन गरी व्यक्ति केन्द्रित

आवश्यकता पहिचान गरी व्यक्तिगत जीवनस्तरमा माथि उठाउने गरी क्रमशः कार्यान्वयन गर्ने व्यवस्था मिलाउन रु. ६ लाख बजेट विनियोजन गरेको छु ।

९२. बाल संरक्षण नीति, सामाजिक समावेशीकरण तथा लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी नीति तर्जुमा र लैङ्गिक हिंसा तथा लिङ्गको आधारमा गरिने भेदभावलाई शून्यमा झार्ने नीति अङ्गिकार गर्दै लैङ्गिक समावेशीकरण डेस्क सञ्चालन तथा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरी लक्षित व्यक्तिको आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था गरेको छु ।

९३. समाजमा रहेका बालश्रम, बालबिवाह, बहुविवाह, दाइजो, बोक्सी जस्ता हानिकारक अभ्यास र लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ। लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापनाका लागि रु. ३ लाख बजेट व्यवस्था गरेको छु ।

९४. गरिबीको गहनता, विषमता अध्ययन र विश्लेषण गरी आवश्यक कदम चाल्न सम्बन्धित विषयगत निकायसँगको परामर्शमा आवश्यक कार्ययोजना बनाई लागू गरिनेछ। वडास्तरसम्म ज्येष्ठ नागरिक मञ्च, अपाङ्गता सञ्जाल, बाल सञ्जाल, महिला सञ्जाल, उपेक्षित उत्पीडित वर्ग उत्थान सञ्जाल गठन गरी उनीहरुको व्यक्तित्व विकास, नेतृत्व विकास र क्षमता विकास जस्ता कार्यक्रमहरु सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

९५. बालबालिकाको हकहित संरक्षणका साथै शारीरिक, मानसिक तथा संवेगात्मक लगायत हरेक क्षेत्रमा क्षमता विकासका लागि हरेक चरणमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिने छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७८ तथा राष्ट्रिय रणनीति कार्यान्वयन गर्दै गाउँपालिकालाई बालश्रममुक्त पालिका घोषणा साझेदारीमा कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

९६. उत्पीडित, उपेक्षित दलित समुदायको सशक्तिकरण र क्षमता विकासको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिइनेछ।

सार्वजनिक निकायमा पहुँच अभिवृद्धि गर्न **निःशुल्क लोक सेवा आयोग, शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन** गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु।

९७. सेवा प्रवाहका क्रममा अतिविपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको कुनै पनि रकम नलिने विगतको नीतिलाई निरन्तरता दिँदै **एकल महिला र अपाङ्गता भएका व्यक्तिहरुलाई फर्म तथा व्यवसाय दर्ता शुल्क पूर्ण छूट** दिने नीति लिइनेछ।

९८. सामाजिक रुपमा बहिष्करण र बञ्चितिकरणमा परेका व्यक्तिहरुलाई मापदण्ड बमोजिम सामाजिक संरक्षण तथा सुरक्षाको कार्यक्रम ल्याइनेछ। लक्षित वर्ग केन्द्रित बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि संरक्षणात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमको मापदण्ड र विधि तय गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणतर्फ वडा समिति तथा गाउँ कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन हुने गरी कूल रु. एक करोड ३२ लाख बजेट विनियोजन गरेको छु ।

**यूवा तथा खेलकूद**

९९. यूवाहरुको ज्ञान, सीप र क्षमतालाई सदुपयोग गर्ने खालका योजना तथा कार्यक्रमहरु मार्फत गाउँपालिकाको नीति तथा योजना तर्जुमा, विकास गतिविधि, ज्ञान सीप आदान प्रदान तथा हस्तान्तरणमा स्वयंसेवी यूवा शक्तिलाई अधिकतम परिचालन गर्न यूवा विकास केन्द्रलाई प्रभावकारी बनाइनेछ। यूवा विकास केन्द्रमार्फत यूवाहरुको अवस्था र आवश्यकता पहिचान गरी क्षमता विकास र उद्यमशीलता प्रवर्द्धन हुने खालका योजना तथा कार्यक्रम गर्न बजेट व्यवस्था गरेको छु ।

१००. फरक फरक महिनामा वडास्तरीय खेलकूद प्रतियोगिता र संयुक्त रुपमा गाउँपालिकास्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गर्ने गरी **खेलकूद क्यालेण्डर तयार गरी खेल पर्यटन तथा खेल अर्थतन्त्र** प्रवर्द्धनमा जोड दिइनेछ । गाउँपालिकास्तरमा सञ्चालन हुने सम्पूर्ण खेलकूद गतिविधि तथा खेलकूद विकास सम्बन्धी कार्यक्रमलाई

प्रभावकारी बनाउन गाउँपालिका स्तरीय **खेलकूद व्यवस्थापन समितिको गठन तथा कोष** स्थापनाका लागि रु. २ लाख बजेट विनियोजन गरेको छु।

१०१. यूवा क्लब गठन र नमूना संसद अभ्यास कार्यक्रम, यूवामैत्री स्थानीय शासनका लागि यूवा मुद्दामा बहस पैरवी, यूवा स्वयंसेवक विकास र परिचालनका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु । विकास र नवप्रवर्तनमा हरेक व्यक्तिमा नवीनतम र रचनात्मक धारणा हुने यथार्थतालाई मध्यनजर गर्दै गाउँपालिकाको सर्वाङ्गिण विकासमा जुनसुकै व्यक्ति वा निकायको रचनात्मक सुझाव, उपाय र तरिकालाई ग्रहण तथा संकलन गर्ने उद्देश्यले **खुला आइडिया प्रतिस्पर्धा** कार्यक्रम सञ्चालन बजेटको व्यवस्था गरेको छु ।

१०२. विद्यालय खेल शिक्षक, खेलकूद तथा रेफ्री तालिम, जुनियर कप, भूमे कप, गुरिल्ला म्याराथन जस्ता खेलकूद कार्यक्रममार्फत प्रतिभावान खेलाडी पहिचान, अभिलेखीकरण, क्षमता विकास तथा प्रोत्साहन गरिनेछ। राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगितालाई प्रभावकारी रुपमा सञ्चालन गरी बालबालिकाको शारीरिक तथा संवेगात्मक विकासमा जोड दिन गाउँपालिकाबाट थप ८ लाख ५० हजार बजेट थप व्यवस्था गरेको छु ।

१०३. खेलकूद पूर्वाधार निर्माण, व्यवसायिक खेलकूद तालिम, खेल तथा खेलाडी आदानप्रदान कार्यक्रम खेलकूद प्रतियोगितातर्फ यूवा तथा खेलकूदका लागि रु. ७७ लाख ९० हजार रकम विनियोजन गरेको छु ।

**गाउँसभा सदस्यज्यूहरु,**

### यातायात पूर्वाधारः विकासको आधार

१०४. सडक यातायात गुरुयोजना बमोजिम गाउँपालिकास्तरीय रिङ रोड, लिङ्क रोड र सहायक रोड अवधारणामा सडकहरुबीच अन्तरसञ्जाल निर्माण गरी सडक पहुँच नपुगेका मुख्य वस्तीहरुमा ग्रामीण सडक सञ्जालले जोड्न बजेट विनियोजन गरेको छु । आगामी आर्थिक वर्षका लागि सिमा झुम्लाबाङ क्याङसी गाबाङ काँक्री सडक, सेराबाङ विमाखोला झिम्का राङसी सडक, बाहुनगाडिना मसिना मर्कोटा साँगुबोट सडक, झारखुम मसिना आरुबाङ सडक, च्याङचुङ छहराखोला सडक लगायत ग्रामीण

सडकहरुमा थप ट्र्याक खोल्न सडक निर्माणतर्फ रु तीन करोड ५४ लाख बजेट विनियोजन गरेको छु ।

१०५. सुरक्षित सडक यातायात सुनिश्चितताका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा सडक पुल तथा कल्भर्ट निर्माण तथा **सडक पूर्वाधार एम्बुलेन्स** सञ्चालन गरी वर्षाको समयमा मुख्य सडक अवरुद्ध हुन नदिन रु. ३० लाख बजेट वनियोजन गरेको छु।

१०६. बढीमा एक घण्टाभित्रको हिँडाईको दूरीमा एक झोलुङ्गे पुल निर्माण गर्ने गरी झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ सम्पन्न हुन बाँकी झोलुङ्गे तथा ट्रस पुलहरु सम्पन्न गर्ने र नयाँ स्थानहरुमा झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाई खोलानालाको कारण जनधनको क्षति न्यूनीकरण र आवतवाजत सहजीकरण गर्न झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रममा स्थानीय साझेदारी बजेट सहित रु. ९५ लाख बजेट विनियोजन गरेको छु ।

१०७. नेपाल सरकार, प्रदेश सरकार तथा साझेदार निकायहरुसँगको समन्वयमा सुरक्षित सडक अवधारणामा आधारित भएर सडक स्तरोन्नति, सडक सुरक्षा पूर्वाधार निर्माण, **सडक मर्मत सम्भारकर्ता परिचालन**, सवारी सचेतना, तीन पाङ्ग्रे सवारी मापदण्ड, **आधारभूत आकस्मिक ट्रमा सेवा सञ्चालन** सम्बन्धी कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु ।

**भवन आवास तथा सहरी विकास**

१०८. शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा तर्जुमा गरी भवन निर्माण नक्सा पूर्वस्वीकृति कडाइका साथ कार्यान्वयन गरिनेछ। सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण बस्तीलाई व्यवस्थित बसोबासयुक्त **मौलिक नमूना वस्ती संरक्षण तथा निर्माण**मा जोड दिन भवन निर्माण संहिता तथा मापदण्ड तयार गर्न बजेट व्यवस्था गरेको छु ।

१०९. घरबारबिहिन, अति विपन्न व्यक्तिहरुलाई विपन्न आवास निर्माण सहयोग कार्यक्रममार्फत घरको छानामूनि ल्याइनेछ। सुरक्षित नागरिक आवास कार्यक्रममार्फत

विपद् जोखिमयुक्त छाना विस्थापन र जनता आवास कार्यक्रममार्फत दलित विपन्न आवास निर्माण कार्यलाई जोड दिइनेछ।

११०. सघन घना वस्तीहरुमा सडक, ढल निकास, सार्वजनिक शौचालय, फोहर व्यवस्थापन, खानेपानी, विद्युत जस्ता पूर्वाधारहरु एकीकृत रुपमा निर्माण कार्यलाई जोड दिई पूर्वाधार विकासका लागि बजेट व्यवस्था गरेको छु ।

**ऊर्जा, जलस्रोत तथा सिंचाई**

१११. विद्युतको पहुँच नपुगेका घरधुरीमा ऊर्जामा पहुँच सुनिश्चिताका लागि नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा केन्द्रीय प्रसारण लाइन विस्तारमा जोड दिइनेछ। राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रममार्फत निर्मित तथा निर्माणाधीन लघु तथा साना जलविद्युत आयोजनाहरुलाई मर्मत सम्भार र व्यवस्थित गर्नुका साथै ऊर्जाको पहुँच नपुगेको घरधुरीमा वैकल्पिक ऊर्जा विस्तारका लागि रु. आठ लाख बजेट विनियोजन गरेको छु । लघुजलविद्युत मर्मत तथा विद्युत विस्तारका लागि कूल २३ लाख बजेट विनियोजन गरेको छु।

११२. नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकाभित्र सिंचाईका सम्भावना भएका क्षेत्रहरु पहिचान गरी पोखरी सिंचाई, स्प्रिङ्कल सिंचाई, ठूला सिंचाई आयोजना मार्फत सिंचाई सुविधा बढाई उत्पादन वृद्धिमा जोड दिन मागमा आधारित आयोजना कार्यान्वयन गर्ने गरी बजेट विनियोजन गरेको छु ।

**सूचना तथा संचार प्रविधिः डिजिटल गाउँपालिका नीति**

११३. तहगत समन्वय, सहकार्य र साझेदारीमार्फत सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गरिनेछ। भरपर्दो सञ्चार सुविधा सुनिश्चताका लागि आवश्यक पहल गरिनेछ। सामुदायिक सिकाई केन्द्रहरुलाई प्रविधिमा आधारित बनाई सिकाईमा सूचना तथा सञ्चार प्रविधिको उपयोग र अवसर विस्तार गर्न डिजिटल गाउँपालिका निर्माण कार्ययोजना तर्जुमा गरी साझेदार निकायहरुसँगको सहकार्यमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार निर्माण तथा पहुँच विस्तारका साथै डिजिटल लाइब्रेरी स्थापना,

अध्ययन अनुसन्धान, मिडिया साक्षरता र डिजिटल साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन बजेट विनियोजन गरेको छु ।

**सम्पदा पूर्वाधारः हाम्रो पहिचानको आधार**

११४. सम्पदा पूर्वाधारको संरक्षण तथा निर्माणमा अन्तरआवद्धता हुने गरी मापदण्ड तथा प्रारुप तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखीकरण गरी व्यवस्थित निर्माण तथा संरक्षण र सदुपयोगका लागि गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन तयार गर्न बजेटको व्यवस्था मिलाएको छु ।

**गाउँसभा सदस्यज्यूहरु,**

**वन तथा वातावरण संरक्षण**

११५. अन्तरनिकाय समन्वयमा पुष्पलाल मध्यपहाडी लोकमार्ग लगायत राष्ट्रिय राजमार्ग र स्थानीय सडकहरुमा हरित करिडोर तथा फ्रुट करिडोरको रुपमा विकास गर्न वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइनेछ । वृक्षारोपण रोजगार प्रवर्द्धन, विरुवा सुरक्षा तथा संरक्षण कार्यक्रम, टिम्मुर/धोतिला लगायतको **हरित बार** जस्ता कार्यक्रममार्फत हरेक वडाका टोल टोलमा स्थानीय हावापानी अनुकूलका जडिबुटी तथा फलफूलका बोट विरुवा रोपन कार्यक्रम अभियानको रुपमा सञ्चालन बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

११६. वातावरणमैत्री घर, टोल, वडा र पालिकाको अवधारणामा एकीकृत, व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ निर्माणको लागि योजना बनाई वातावरणमैत्री स्थानीय शासन प्रारुप २०८० कार्यान्वयनमा जोड दिइनेछ । सामुदायिक वन संरक्षण तथा उपयोग सम्बन्धमा स्थानीयबासीको परिचालन तथा अपनत्व सिर्जना गर्ने खालका क्षमता विकास कार्यक्रम सामुदायिक वन उपभोक्ता महासंघमार्फत सञ्चालन गर्ने गरी बजेटको व्यवस्था गरेको छु ।

११७. नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकायसँगको समन्वय र सहकार्यमा निजी वन व्यवस्थापन, कबुलियती वन प्रवर्द्धन, वनजङ्गल संरक्षण, बाँझो जग्गामा

वृक्षारोपण जस्ता कार्यक्रममा जोड दिइनेछ । वातावरण दिवसको अवसरमा सबैभन्दा बढी वृक्षारोपण गर्ने र सबैभन्दा बढी विरुवा संरक्षण गर्ने व्यक्तिलाई **हरियाली दूत**को रुपमा पुरस्कृत गर्न बजेट विनियोजन गरेको छु । वडा समितिबाट कार्यान्वयन गर्ने गरी वृक्षारोपनका लागि रु चार ३५ हजार बजेट विनियोजन गरेको छु।

११८. बायोइन्जिनियरिङलाई अनिवार्य गर्दै भौतिक पूर्वाधार निर्माणका कारण क्षतिपूर्तिस्वरुप सार्वजनिक पर्ती जग्गा, झाडी बुट्यान र वन नभएका क्षेत्रमा उपयोगी वृक्ष रोप्ने नीति ल्याइनेछ। *जीवनका महत्वपूर्ण क्षणका अवसरमा बहुउपयोगी वृक्षारोपण* गर्ने **जीवन र वन कार्यक्रम** गाउँ गाउँमा प्रवर्द्धन गरिनेछ। वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी वनजन्य उत्पादन अभिवृद्धिमा टेवा पुर्‍याइनेछ। सामुदायिक वन विकास कार्यक्रम, निजी वन विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सम्बन्धित सरकारी तथा गैरसरकारी कार्यालयहरुसँग समन्वय कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु । वन तथा वातावरण संरक्षण शीर्षकमा कूल ४८ लाख बजेट विनियोजन गरेको छु ।

**जलवायु परिवर्तन र विपद् व्यवस्थापन**

११९. जलवायुमैत्री तथा वातावरणमैत्री पूर्वाधारमा जोड दिएर जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायु अनुकूलन मार्फत पर्यापर्यटनको प्रवर्द्धनमा जोड दिइनेछ । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र जलवायु परिवर्तन स्थानीय अनुकूलनका आयोजना बमोजिमका योजना तथा कार्यक्रम सञ्चालन तथा समुदायस्तरमा स्वयंसेवक जनशक्ति उत्पादन तथा परिचालन गरिनेछ । विपद्मा हुन सक्ने लैङ्गिक हिंसालाई ध्यानमा राखेर सचेतनामूलक सन्देश, सूचना सामग्रीहरु स्थानीय भाषामा समेत सम्प्रेषण गर्न प्रवर्द्धनात्मक बजेटको व्यवस्था गरेको छु।

१२०. कुनै पनि प्राकृतिक तथा मानवीय कारणबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापन क्षमतालाई अभिवृद्धि गर्नुका विपद् जोखिम रोकथाम गर्ने आयोजनाहरु कार्यान्वयनमा प्राथमिकता दिने नीति अगाडि सारिएको छ। विपद् व्यवस्थापनका लागि वडास्तर र पालिकास्तरमा सञ्चालन हुने गरी कार्यक्रमहरु सञ्चालन गर्ने गरी समुदायलाई सक्रिय बनाउने किसिमका कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु ।

१२१. विपद् घटना पछि खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई योजनावद्ध व्यवस्थित गर्न पालिका तथा समुदायस्तरसम्म द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामग्री सहित तयारी अवस्थामा राखिनुका साथै विपद् व्यवस्थापन सूचना केन्द्रको रुपमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई सुदृढ गरिनेछ। प्राकृतिक प्रकोपका कारण राहत, उद्दार तथा जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रकोप व्यवस्थापन कोषलाई वृद्धि गर्न रु. २० लाख बजेट विनियोजन गरेको छु।

**सेवा प्रवाह र प्रशासकीय सुशासन**

१२२. नागरिकको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवालाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन **नागरिक व्यैयक्तिक विवरण अभिलेखीकरण** गरी **स्मार्ट वडा कार्यालय** अवधारणा क्रमशः कार्यान्वयन गर्न बजेट सुनिशिच्त गरेको छु । उपलब्ध जनशक्तिलाई उच्च मनोबलका साथ आफ्नो योग्यता र क्षमता भरपूर सदुपयोग गर्ने र क्षमता विकास गर्ने वातावरण मिलाउन कार्यसम्पादनमा आधारित प्रोत्साहनका लागि बजेट व्यवस्था गरेको छु ।

१२३. गुणस्तरीय सेवा प्रवाहका लागि सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेसागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउन नियमित बैठक, समीक्षा, छलफल, अन्तरक्रिया क्षमता विकास तालिम तथा गोष्ठी सञ्चालनका लागि बजेट विनियोजन गरेको छु । स्थानीय पञ्जिकाधिकारीको कार्यालयलाई साधन स्रोत सम्पन्न बनाई वडास्तरबाट घटना दर्ता अभियानमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सहज र प्रभावकारी घटना दर्ता अभियान तथा अभिलेख व्यवस्थापनका लागि बजेट व्यवस्था गरेको छु ।

१२४. सूचनाको हकलाई प्रवर्द्धन गर्न सूचना अधिकारीको क्षमता विकास, वडा तहसम्म गुनासो सुनुवाई संयन्त्र, स्वतः प्रकाशन, भूमे साप्ताहिक गतिविधि प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परीक्षणका लागि आवश्यक बजेट विनियोजन सुनिश्चित गरेको छु।

**सूचना तथा अभिलेख व्यवस्थापन**

१२५. सूचना तथा अभिलेख केन्द्रलाई सुदृढीकरण गरी विज्ञान-प्रविधि, अध्ययन-अनुसन्धान तथा विकास, सीप तथा सीपमूलक तालिमको नियमन, डिजिटल साक्षरताका साथै मिडिया साक्षरता कार्यक्रम तथा डिजिटल अभिलेखीकरण कार्यक्रममार्फत विद्युतीय सरकारको अवधारणामा टेवा पु-याउन र गाउँपालिकाका सबै प्रकारका आधारभूत सूचनाहरु सूचना तथा अभिलेख केन्द्रमा उपलब्ध हुने र सामग्रीहरु सूचना केन्द्रमा अध्ययन गर्न सकिने व्यवस्था सुचना तथा अभिलेख केन्द्र व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२६. अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउदै महत्वपूर्ण तथ्याङ्कको भण्डारणका लागि स्थापित सर्भरमा डिजिटल कन्टेन्ट सुरक्षित गरी राखिनेछ। गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाहको पूर्वाधार तयार गरी डिजिटल गाउँपालिकामा रुपान्तरण योजना अगाडि बढाइनेछ।

**हामीले तिरेको कर हाम्रै लागि**

१२७. पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ। राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडा तथा कार्यालयलाई बजेट विनियोजनमा सूचकको रुपमा राखी सोही आधारमा बजेट विनियोजन गर्ने नीति लिइनेछ । आन्तरिक आम्दानी वृद्धि, अन्तर निकाय समन्वय, राजस्व सुधार कार्ययोजना तथा सरोकारवालासँग अन्तरक्रियाका लागि बजेट व्यवस्था गरेको छु ।

१२८. गाउँपालिकाको आत्मनिर्भरता उन्मुखका लागि साझेदारी लगानी र राजश्व तथा कर प्रशासनलाई समेत प्रमुख आधारको रुपमा लिइनेछ। सबै पेसा व्यवसायलाई करको दायरामा समेटिनेछ।

**कानून न्याय तथा असल समाज**

१२९. न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास तालिम, मेलमिलापकर्ता उत्पादन, पुनर्ताजगी तथा संस्थागत सक्षमतामा वृद्धि गरी न्यायिक निरुपण र मेलमिलाप प्रबर्द्धन गर्न, पीडितलाई न्याय दिलाई सामाजिक मेलमिलाप कायम गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको सुदृढीकरणका लागि बजेट विनियोजन गरेको छु । सबै वडाहरुमा मेलमिलाप केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी बनाई सदभावयुक्त समाज निर्माणमा जोड दिन तथा न्यायिक समितिको कार्यप्रक्रिया र मेलमिलाप प्रवर्द्धन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३०. वित्तीय सुशासन जोखिम न्यूनीकरण योजना बनाई वित्तीय व्यवस्थापनमा प्रकियागत जोखिम, नतिजाको जोखिम र वित्तीय अनुशासन जोखिम न्यूनीकरण गरिनेछ । बेरुजू न्यूनिकरण र फछ्र्यौटलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ।

१३१. वित्तीय सुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत र आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाइनेछ। वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना बमोजिम सार्वजनिक खरिद प्रणालीलाई चुस्त दुरुस्त र सुशासनयुक्त बनाइनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**योजना तर्जुमा तथा कार्यान्वयन**

१३२. अनुमानयोग्य र प्रभावकारी योजनाका लागि पूर्वाधार विकास गुरुयोजना, वस्ती विकास योजना, विस्तृत अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदनलाई अनिवार्य गरी परियोजना बैंक मार्फत क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

१३३. वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा समावेशी तथा सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई अनिवार्य गरी मध्यमकालीन खर्च संरचनामा आधारित बनाइनेछ ।

**अनुगमन तथा मूल्याङ्कन**

१३४. गाउँपालिकाभित्र भएका विकास निर्माण तथा अन्य कार्यक्रमको गुणस्तर र नियमितता सम्बन्धमा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र वडास्तरीय

अनुगमन समितिको नियमित अनुमगन र प्रतिवेदनलाई अनिवार्य गर्नुका साथै अनुगमन तथा सुपरीवेक्षणका लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ ।

१३५. अनुगमन तथा सुपरीवेक्षण कार्यलाई कार्ययोजना र सूचकमा आधारित बनाई सरोकारवालाको समेत प्रतिक्रिया समेट्नुका साथै ठूला आयोजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्ने नीति अङ्गिकार गरिनेछ ।

१३६. उपभोक्ता हित संरक्षणलाई सुनिश्चित गर्न जिल्लास्थित सरकारी निकाय तथा उद्योग वाणिज्य संघसँगको सहकार्यमा सबै गाउँ टोलमा पुग्ने गरी छड्के तथा एकीकृत बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

**मानव संशाधन तथा क्षमता विकास**

१३७. जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुका साथै संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कारका साथै तालिमको पनि व्यवस्था गरिनेछ।

**समन्वय, सहकार्य र साझेदारी**

१३८. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।

१३९. सरकारी तथा गैरसरकारी निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसँग दोहोरिन नदिन वार्षिक विकास कार्यक्रममा आवद्ध हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

**सभाध्यक्ष महोदय,**

१४०. आर्थिक वर्ष २०८०/०८१ को बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ। आर्थिक वर्ष २०८०/०८१ का लागि रू. **५०**

**करोड ३५ लाख १५ हजार सात सय पैंतीस** रुपैयाँ विनियोजन गरिएको छ। कुल विनियोजनमध्ये चालुतर्फ रु. **३२ करोड ९२ लाख ८५ हजार पाँच सय पैंतीस रुपैयाँ** मात्र अर्थात **६५ दशमलब ३९ प्रतिशत**, पूँजीगततर्फ रु. **१७ करोड ४२ लाख ३० हजार दुई सय मात्र अर्थात ३४ दशमलब ६० प्रतिशत** र वित्तीय व्यवस्थातर्फ **एक करोड अर्थात १ दशमलब ९८ प्रतिशत** रहेको छ।

१४१. आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक **राजश्वबाट रू. ७५ लाख ३८ हजार २६ रुपैयाँ**, राजस्व बाँडफाँड बाट रु. **९ करोड ६३ लाख ६ हजार सात सय नौ रुपैयाँ** तथा गत वर्षको अनुमानित मौज्दात रु. दुई करोड पचास लाख गरी आन्तरिक आयबाट जम्मा रु. **१२ करोड ८८ लाख ४४ हजार सात सय पैंतीस अर्थात २५ दशमलव ५८ प्रतिशत**, वित्तीय समानीकरण अनुदानबाट रू. **११ करोड** ४१ **लाख** २१ **हजार** अर्थात् **२२ दशमलव ६६ प्रतिशत**, सःशर्त अनुदानबाट रू. २२ **करोड १० लाख ५० हजार अर्थात्** ४३ **दशमलव** ९० **प्रतिशत**, समपुरक अनुदानबाट रु **२ करोड अर्थात ३ दशमलव** ९७ **प्रतिशत**, विशेष अनुदानबाट रु ९५ **लाख अर्थात १ दशमलश ८८ प्रतिशत** स्रोत व्यहोरिनेछ। अन्तरसरकारी वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँड तथा आन्तरिक आय परिचालन गर्दा पनि नपुग हुने रकम रु. एक करोड आन्तरिक ऋणबाट व्यहोरिनेछ।

१४२. आर्थिक वर्ष २०८०/०८१ का लागि गोर्खा वेलफेर ट्रष्ट बाहेक गैरसरकारी संस्थाहरुको कार्यक्रम समेत तीन करोड ५९ लाख ७७ हजार तीन सय पन्ध्र बराबरको वार्षिक कार्यक्रम सहित बजेट प्रस्ताव प्राप्त भएको छ। उक्त बजेट रकम गाउँपालिकाको वार्षिक विकास कार्यक्रममा समावेश गरी प्रकाशन गर्ने व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु,**

**करको दायरामा समावेश भई आफ्नो गाउँपालिका आफै बनाऔं**

१४३. आर्थिक वर्ष २०८०/०८१ का लागि आन्तरिक राजश्व परिचालन नीतिका उद्देश्य निम्नानुसार रहेका छन् :

(क) करका दायरा पहिचान गरी विद्यमान करका दरहरुलाई लागत प्रभावी बनाउने।

(ख) सचेतना कार्यक्रमको माध्यमबाट आम करदातामा करप्रति सकारात्मक सोंच र व्यवहारको विकास गराई करको दायरामा स्वतः सहभागी हुने अवस्थाको सृजना गर्ने ।

(ग) सहज, निकट र पारदर्शी कर प्रणाली अवलम्बन गर्दै राजश्व प्रणालीलाई समन्यायिक एवं सुशासनयुक्त बनाउने।

(घ) गाउँ कार्यपालिका र मातहतका वडा कार्यालय लगायतका निकायबीच परस्पर सहयोग, सहकार्य र समन्वय कायम गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी राजश्व चुहावट नियन्त्रण एवम अधिकतम राजश्व परिचालनमा जोड दिने ।

(ङ) कृषि, स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग जस्ता क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई आयात व्यवस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।

१४४. उल्लेखित उद्देश्य हासिल गर्नका लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछन्ः

क) राजश्व र पालिकाबाट प्रवाह हुने सेवा सुविधा बीचमा तादाम्यता कायम गर्दै करको दायित्व पूरा नगर्ने करदातालाई कर नतिरेसम्म सेवा सुविधाको अधिकार उपयोगको सिमिततामा राख्ने नीतिको अवलम्बन गरिनेछ।

ख) करका दरलाई स्थिर राखी दायरा विस्तारमा जोड दिंदै कराधारलाई थप फराकिलो बनाउँदै लगिनेछ।

ग) राजश्व संकलन तथा अभिलेख व्यवस्थापन प्रक्रियामा सहजीकरण र सरलीकरणका लागि उपलब्ध जनशक्ति र प्रविधिको परिचालन गरी करदातासम्म गाउँपालिका पुगेको महशुस गराई सहज रुपमा कर तिर्ने वातावरण बनाइनेछ ।

घ) करदातालाई करको दायमा समावेश हुन प्रोत्साहित गर्न करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ। यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार स्थानीय स्तरका शासकीय साझेदारहरु (निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेसागत संघसंस्थाहरु) समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ।

**अध्यक्ष महोदय तथा उपस्थित महानुभावहरु,**

१४५. बजेट तर्जुमाका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न रहने तथा सुझाव दिनुहुने गाउँपालिका अध्यक्षज्यू लगायत सम्पूर्ण पदाधिकारीज्यूहरु, विषयगत समितिका संयोजक एवं सदस्यहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक वर्ग, बुद्धिजिवी वर्ग, नागरिक समाज तथा सकारी तथा गैरसरकारी संघसंस्था सबैप्रति आभार व्यक्त गर्दछु।

१४६. अन्त्यमा, गाउँपालिकाको '**सफा र हरियालीः समृद्ध भूमे÷** आकांक्षा पूरा गर्न निरन्तर रुपमा सहयोग, समन्वय, सहकार्य गर्दै ऊर्जा र हौसला बढाउन योगदान पुऱ्याउनु हुने आम गाउँपालिकाबासी आमा बुवा दाजु भाइ दिदी बहिनी, गाउँपालिकाका विभिन्न कोषमा योगदानकर्ता, संघ प्रदेश र स्थानीय स्तरका सरकारी, राष्ट्रिय तथा अन्तर्राष्टिय गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति धन्यवाद ज्ञापन गर्दछु। बजेट तर्जुमाको क्रममा प्राप्त भए जस्तो सहयोग र सद्भाव प्रभावकारी कार्यान्वयनमा पनि रहने विश्वास लिएको छु।

१४७. हाम्रो यात्रा चुनौतीपूर्ण भएपनि गन्तव्य सुनौलो छ। विद्यमान परिवेश र वास्तविकताको आधारमा आइपरेका चुनौतिहरुलाई अवसरमा परिणत गर्न सबै कटिवद्ध, प्रतिवद्ध र एकतावद्ध भई छिट्टै सुनौलो गन्तव्यमा पुग्ने अठोट गरौं। धन्यवाद !

**सविना बुढा**

**उपाध्यक्ष**

# भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक बजेट वक्तव्य

## संयोजकः बजेट तथा कार्यक्रम तर्जुमा समिति

## मिति २०८० साल असार १० गते

अनुसूची ११

**कार्यगत व्यय अनुमान (वित्तीय व्यवस्था सहित)**

आ.व. : २०८०/८१ रु. हजारमा

| सि.नं. | वर्ग/शीर्षक | जम्मा | चालु | पुँजीगत तथा वित्तीय | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ७०१ सामान्य सार्वजनिक सेवा | ९३,७७९.२९ | ८५,४३४.२९ | ८,३४५.०० | ३२.३१ |
| १.१ | ७०११ कार्यकारी र विधायिकाको निकाय, वित्तिय र वैदेशिक मामिला | १००.०० | १००.०० | ०.०० | ०.०३ |
| १.२ | ७०१४ सामान्य आधारभूत सेवा | ९३,६७९.२९ | ८५,३३४.२९ | ८,३४५.०० | ३२.२७ |
| २ | ७०३ सार्वजनिक शान्ति सुरक्षा | ५,८००.०० | ५,५००.०० | ३००.०० | २.०० |
| २.१ | ७०३२ अग्नी नियन्त्रण सेवा | ५०.०० | ०.०० | ५०.०० | ०.०२ |
| २.२ | ७०३३ न्यायालय | ५,५००.०० | ५,५००.०० | ०.०० | १.८९ |
| २.३ | ७०३५ सार्वजनिक शान्ति सुरक्षा | २५०.०० | ०.०० | २५०.०० | ०.०९ |
| ३ | ७०४ आर्थिक मामिला | ८८,२२६.५० | १०,५११.५० | ७७,७१५.०० | ३०.४० |
| ३.१ | ७०४२ कृषि, वन , मत्स्यपालन तथा शिकार | ३७,१७६.५० | ९,५६१.५० | २७,६१५.०० | १२.८१ |
| ३.२ | ७०४३ इन्धन तथा उर्जा | ११,५००.०० | ०.०० | ११,५००.०० | ३.९६ |
| ३.३ | ७०४५ यातायात | २७,४००.०० | ०.०० | २७,४००.०० | ९.४४ |
| ३.४ | ७०४७ अन्य उद्योगहरु | ५,७००.०० | ०.०० | ५,७००.०० | १.९६ |
| ३.५ | ७०४८ अनुसन्धान तथा विकास - आर्थिक मामिला | २००.०० | २००.०० | ०.०० | ०.०७ |
| ३.६ | ७०४९ आर्थिक मामीला - अन्यत्र वर्गिकृत नभएको | ६,२५०.०० | ७५०.०० | ५,५००.०० | २.१५ |
| ४ | ७०५ वातावरण संरक्षण | ११,२४७.०० | २७५.०० | १०,९७२.०० | ३.८७ |
| ४.१ | ७०५१ फोहोर मैला व्यवस्थापन | ३,६१७.०० | २७५.०० | ३,३४२.०० | १.२५ |
| ४.२ | ७०५२ ढल व्यवस्थापन | ७,२००.०० | ०.०० | ७,२००.०० | २.४८ |
| ४.३ | ७०५४ जैविक विविधता र भू-संरक्षण | ४३०.०० | ०.०० | ४३०.०० | ०.१५ |
| ५ | ७०६ आवास तथा सामुदायिक सुविधा | २९,७१७.५० | १,९००.०० | २७,८१७.५० | १०.२४ |
| ५.१ | ७०६१ आवास विकास | २१,५८०.०० | ०.०० | २१,५८०.०० | ७.४३ |
| ५.२ | ७०६३ खानेपानी | ३,८७०.०० | ४००.०० | ३,४७०.०० | १.३३ |
| ५.३ | ७०६६ आवास तथा सामुदायिक सुविधा - अन्यत्र उल्लेख नभएको | ४,२६७.५० | १,५००.०० | २,७६७.५० | १.४७ |
| ६ | ७०७ स्वास्थ्य | १८,११५.६० | १२,९१५.६० | ५,२००.०० | ६.२४ |
| ६.१ | ७०७१ औषधी उत्पादन,उपकरण तथा औजार | २,२००.०० | २,२००.०० | ०.०० | ०.७६ |
| ६.२ | ७०७२ वहिरंङ्ग सेवा | ८,१६०.६० | ८,१६०.६० | ०.०० | २.८१ |
| ६.३ | ७०७४ सार्वजनिक स्वास्थ्य सेवा | २,३१५.०० | २,३१५.०० | ०.०० | ०.८० |
| ६.४ | ७०७६ स्वास्थ्य - अन्यत्र वर्गिकृत नभएको | ५,४४०.०० | २४०.०० | ५,२००.०० | १.८७ |
| ७ | ७०८ मनोरंजन,संस्कृति तथा धर्म | ३,५२१.०० | ३,२७१.०० | २५०.०० | १.२१ |
| ७.१ | ७०८४ धार्मिक तथा अन्य सामुदायिक सेवा | ३५०.०० | २५०.०० | १००.०० | ०.१२ |
| ७.२ | ७०८५ अनुसन्धान तथा विकास ,संस्कृतिक र धार्मिक | ३५०.०० | २००.०० | १५०.०० | ०.१२ |
| ७.३ | ७०८६ मनोरंजन, संस्कृति र धर्म - अन्यत्र वर्गिकृत नभएको | २,८२१.०० | २,८२१.०० | ०.०० | ०.९७ |
| ८ | ७०९ शिक्षा | २६,९३६.०० | १३,११६.०० | १३,८२०.०० | ९.२८ |
| ८.१ | ७०९६ शिक्षाको लागि सहायक सेवाहरु | १६,०२०.०० | २,२००.०० | १३,८२०.०० | ५.५२ |
| ८.२ | ७०९८ शिक्षा - अन्यत्र वर्गिकृत नभएको | १०,९१६.०० | १०,९१६.०० | ०.०० | ३.७६ |
| ९ | ७१० सामाजिक सुरक्षा | १२,९११.८७ | १२,७११.८७ | २००.०० | ४.४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९.१ | ७१०१ अशक्त तथा बिरामी | ७३०.०० | ७३०.०० | ०.०० | ०.२५ |
| ९.२ | ७१०२ जेष्ठ नागरिक | ८३०.०० | ८३०.०० | ०.०० | ०.२९ |
| ९.३ | ७१०७ सामाजिक असमावेशी | ३,७०२.८३ | ३,७०२.८३ | ०.०० | १.२८ |
| ९.४ | ७१०८ सामाजिक सुरक्षा - अनुसन्धान तथा विकास | ५,९४९.०३ | ५,७४९.०३ | २००.०० | २.०५ |
| ९.५ | ७१०९ सामाजिक सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | १,७००.०० | १,७००.०० | ०.०० | ०.५९ |

# अनुसूची १२
## कार्यगत रणनीति अनुसार बजेट (वित्तीय व्यवस्था सहित)

| वर्ग/शीर्षक | प्रत्यक्ष योगदान | | अप्रत्यक्ष योगदान | | तटष्थ बजेट | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | |
| भूमे गाउँपालिका महिला बालबालिका - 80553502102 | २,०५०.०० | ०.०० | १,२००.०० | ०.०० | १,६००.०० | ०.०० | ४,८५०.०० |
| बहुक्षेत्रीय पोषण योजना - 80553502103 | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.६० | ०.०० | ०.६० |
| आर्थिक तथा सामाजिक विकास शाखा - 80553502104 | ०.०० | ०.०० | ०.०० | ०.०० | ३,३००.०० | १,०००.०० | ४,३००.०० |
| पशु सेवा - 80553502105 | ०.०० | ०.०० | ०.०० | ०.०० | २,१६०.०० | १,७४०.०० | ३,९००.०० |
| प्रशासन, योजना तथा अनुगमन शाखा - 80553502106 | ०.०० | ०.०० | ४५०.०० | ०.०० | ६,४५०.०० | ०.०० | ६,९००.०० |
| आर्थिक प्रशासन शाखा - 80553502107 | ०.०० | ०.०० | ०.०० | ०.०० | ५६,११३.०० | २,२५०.०० | ५८,३६३.०० |
| पूर्वाधार विकास तथा भवन नियमन शाखा - 80553502108 | ०.०० | ०.०० | ०.०० | ०.०० | ४,५००.०० | ४३,६००.०० | ४८,१००.०० |
| सूचना तथा अभिलेख केन्द्र - 80553502109 | ०.०० | ०.०० | ०.०० | ०.०० | ७५०.०० | ०.०० | ७५०.०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम - 80553502110 | ०.०० | ०.०० | ०.०० | ०.०० | २००.०० | २,०००.०० | २,२००.०० |
| यूवा विकास केन्द्र - 80553502111 | ०.०० | ०.०० | ०.०० | ०.०० | १,२२१.०० | ०.०० | १,२२१.०० |
| भूमे गाउँपालिकावडा नं.१ - 80553502201 | ०.०० | ०.०० | ०.०० | ०.०० | २,११३.०० | ५,०२५.०० | ७,१३८.०० |
| भूमे गाउँपालिकावडा नं.२ - 80553502202 | ०.०० | ६००.०० | ०.०० | ०.०० | १,१५०.०० | ४,८९२.०० | ६,६४२.०० |
| भूमे गाउँपालिकावडा नं.३ - 80553502203 | ०.०० | ०.०० | ०.०० | २५०.०० | १,८४०.०० | ३,८३०.०० | ५,९२०.०० |
| भूमे गाउँपालिकावडा नं.४ - 80553502204 | ०.०० | ०.०० | २९०.०० | ८७०.०० | ६७०.५० | २,८३७.५० | ४,६६८.०० |
| भूमे गाउँपालिकावडा नं.५ - 80553502205 | २००.०० | ०.०० | ०.०० | ०.०० | १,४८५.०० | ३,५३०.०० | ५,२१५.०० |
| भूमे गाउँपालिकावडा नं.६ - 80553502206 | १५०.०० | ०.०० | ०.०० | ०.०० | १,४०५.०० | ४,१५०.०० | ५,७०५.०० |
| भूमे गाउँपालिकावडा नं.७ - 80553502207 | २००.०० | ०.०० | ०.०० | ०.०० | १,०५१.०० | ४,८००.०० | ६,०५१.०० |
| भूमे गाउँपालिकावडा नं.८ - 80553502208 | २६२.८३ | ०.०० | २५२.३३ | ५००.०० | १,७६६.९० | ३,४९५.०० | ६,२७७.०७ |
| भूमे गाउँपालिकावडा नं.९ - 80553502209 | २००.०० | ०.०० | ०.०० | ०.०० | २,३५३.०० | ५,०५०.०० | ७,६०३.०० |
| भूमे गाउँपालिका - शिक्षा - 80553502301 | ३३६.०० | ०.०० | २००.०० | ०.०० | २१,५५९.५९ | ०.०० | २२,०९५.५९ |
| भूमे गाउँपालिका - स्वास्थ्य - 80553502302 | १,०२७.०० | ०.०० | ६९०.०० | ०.०० | ११,२४२.०० | १५०.०० | १३,१०९.०० |
| भूमे गाउँपालिका - कृषि - 80553502303 | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,३५६.५० | २,३४०.०० | ७,६९६.५० |
| मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्र - 80553502304 | ०.०० | ०.०० | ०.०० | ०.०० | ७९०.०० | १,८१०.०० | २,६००.०० |
| प्रदेश सशर्त अनुदान - 80553502504 | ०.०० | ०.०० | ०.०० | ०.०० | १५०.०० | ७,५००.०० | ७,६५०.०० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) - 80553502512 | ०.०० | ०.०० | ८,०००.०० | ०.०० | ०.०० | ०.०० | ८,०००.०० |
| संघीय सरकारबाट हस्तान्तरित | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २०,०००.०० | २०,०००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यक्रम(समपुरक अनुदान) - 80553502513 | | | | | | | |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) - 80553502522 | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,५००.०० | १,५००.०० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) - 80553502523 | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २०,०००.०० | २०,०००.०० |

## अनुसूची १३ लैङ्गिक उत्तरदायी बजेट

| वर्ग/शीर्षक | प्रत्यक्ष योगदान | | अप्रत्यक्ष योगदान | | तटष्थ बजेट | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | |
| भूमे गाउँपालिका महिला बालबालिका - 80553502102 | २,०५०.०० | ०.०० | १,२००.०० | ०.०० | १,६००.०० | ०.०० | ४,८५०.०० |
| बहुक्षेत्रीय पोषण योजना - 80553502103 | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.६० | ०.०० | ०.६० |
| आर्थिक तथा सामाजिक विकास शाखा - 80553502104 | ०.०० | ०.०० | ०.०० | ०.०० | ३,३००.०० | १,०००.०० | ४,३००.०० |
| पशु सेवा - 80553502105 | ०.०० | ०.०० | ०.०० | ०.०० | २,१६०.०० | १,७४०.०० | ३,९००.०० |
| प्रशासन, योजना तथा अनुगमन शाखा - 80553502106 | ०.०० | ०.०० | ४५०.०० | ०.०० | ६,४५०.०० | ०.०० | ६,९००.०० |
| आर्थिक प्रशासन शाखा - 80553502107 | ०.०० | ०.०० | ०.०० | ०.०० | ५६,११३.०० | २,२५०.०० | ५८,३६३.०० |
| पूर्वाधार विकास तथा भवन नियमन शाखा - 80553502108 | ०.०० | ०.०० | ०.०० | ०.०० | ४,५००.०० | ४३,६००.०० | ४८,१००.०० |
| सूचना तथा अभिलेख केन्द्र - 80553502109 | ०.०० | ०.०० | ०.०० | ०.०० | ७५०.०० | ०.०० | ७५०.०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम - 80553502110 | ०.०० | ०.०० | ०.०० | ०.०० | २००.०० | २,०००.०० | २,२००.०० |
| यूवा विकास केन्द्र - 80553502111 | ०.०० | ०.०० | ०.०० | ०.०० | १,२२१.०० | ०.०० | १,२२१.०० |
| भूमे गाउँपालिकावडा नं.१ - 80553502201 | ०.०० | ०.०० | ०.०० | ०.०० | २,११३.०० | ५,०२५.०० | ७,१३८.०० |
| भूमे गाउँपालिकावडा नं.२ - 80553502202 | ०.०० | ६००.०० | ०.०० | ०.०० | १,१५०.०० | ४,८९२.०० | ६,६४२.०० |
| भूमे गाउँपालिकावडा नं.३ - 80553502203 | ०.०० | ०.०० | ०.०० | २५०.०० | १,८४०.०० | ३,८३०.०० | ५,९२०.०० |
| भूमे गाउँपालिकावडा नं.४ - 80553502204 | ०.०० | ०.०० | २९०.०० | ८७०.०० | ६७०.५० | २,८३७.५० | ४,६६८.०० |
| भूमे गाउँपालिकावडा नं.५ - 80553502205 | २००.०० | ०.०० | ०.०० | ०.०० | १,४८५.०० | ३,५३०.०० | ५,२१५.०० |
| भूमे गाउँपालिकावडा नं.६ - 80553502206 | १५०.०० | ०.०० | ०.०० | ०.०० | १,४०५.०० | ४,१५०.०० | ५,७०५.०० |
| भूमे गाउँपालिकावडा नं.७ - 80553502207 | २००.०० | ०.०० | ०.०० | ०.०० | १,०५१.०० | ४,८००.०० | ६,०५१.०० |
| भूमे गाउँपालिकावडा नं.८ - 80553502208 | २६२.८३ | ०.०० | २५२.३३ | ५००.०० | १,७६६.९० | ३,४९५.०० | ६,२७७.०७ |
| भूमे गाउँपालिकावडा नं.९ - 80553502209 | २००.०० | ०.०० | ०.०० | ०.०० | २,३५३.०० | ५,०५०.०० | ७,६०३.०० |
| भूमे गाउँपालिका - शिक्षा - 80553502301 | ३३६.०० | ०.०० | २००.०० | ०.०० | २१,५५९.५९ | ०.०० | २२,०९५.५९ |
| भूमे गाउँपालिका - स्वास्थ्य | १,०२७.०० | ०.०० | ६९०.०० | ०.०० | ११,२४२.०० | १५०.०० | १३,१०९.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| - 80553502302 | | | | | | | |
| भूमे गाउँपालिका - कृषि - 80553502303 | ०.०० | ०.०० | ०.०० | ०.०० | ५,३५६.५० | २,३४०.०० | ७,६९६.५० |
| मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्र - 80553502304 | ०.०० | ०.०० | ०.०० | ०.०० | ७९०.०० | १,८१०.०० | २,६००.०० |
| प्रदेश सशर्त अनुदान - 80553502504 | ०.०० | ०.०० | ०.०० | ०.०० | १५०.०० | ७,५००.०० | ७,६५०.०० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) - 80553502512 | ०.०० | ०.०० | ८,०००.०० | ०.०० | ०.०० | ०.०० | ८,०००.०० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) - 80553502513 | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २०,०००.०० | २०,०००.०० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) - 80553502522 | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,५००.०० | १,५००.०० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) - 80553502523 | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २०,०००.०० | २०,०००.०० |

## अनुसूची १४ गरिबी न्यूनीकरण बजेट (वित्तीय व्यवस्था सहित)

| वर्ग/शीर्षक | गरिबी न्यूनिकरण प्रत्यक्ष | | गरिवी न्यूनिकरणमा तटष्ठ बजेट | | जम्मा |
|---|---|---|---|---|---|
| | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | |
| **भूमे गाउँपालिका महिला बालबालिका - 80553502102** | ०.०० | ०.०० | ४,८५०.०० | ०.०० | ४,८५०.०० |
| **बहुक्षेत्रीय पोषण योजना - 80553502103** | ०.०० | ०.०० | ०.६० | ०.०० | ०.६० |
| **आर्थिक तथा सामाजिक विकास शाखा - 80553502104** | ०.०० | ०.०० | ३,३००.०० | १,०००.०० | ४,३००.०० |
| **पशु सेवा - 80553502105** | १६०.०० | ०.०० | २,०००.०० | १,७४०.०० | ३,९००.०० |
| **प्रशासन, योजना तथा अनुगमन शाखा - 80553502106** | ०.०० | ०.०० | ६,९००.०० | ०.०० | ६,९००.०० |
| **आर्थिक प्रशासन शाखा - 80553502107** | ०.०० | ०.०० | ५६,११३.०० | २,२५०.०० | ५८,३६३.०० |
| **पूर्वाधार विकास तथा भवन नियमन शाखा - 80553502108** | ०.०० | ०.०० | ४,५००.०० | ४३,६००.०० | ४८,१००.०० |
| **सूचना तथा अभिलेख केन्द्र - 80553502109** | ०.०० | ०.०० | ७५०.०० | ०.०० | ७५०.०० |
| **प्रधानमन्त्री रोजगार कार्यक्रम - 80553502110** | २००.०० | २,०००.०० | ०.०० | ०.०० | २,२००.०० |
| **यूवा विकास केन्द्र - 80553502111** | ०.०० | ०.०० | १,२२१.०० | ०.०० | १,२२१.०० |
| **भूमे गाउँपालिकावडा नं.१ - 80553502201** | ०.०० | ०.०० | २,११३.०० | ५,०२५.०० | ७,१३८.०० |
| **भूमे गाउँपालिकावडा नं.२ - 80553502202** | ०.०० | ०.०० | १,१५०.०० | ५,४९२.०० | ६,६४२.०० |
| **भूमे गाउँपालिकावडा नं.३ - 80553502203** | ०.०० | ०.०० | १,८४०.०० | ४,०८०.०० | ५,९२०.०० |
| **भूमे गाउँपालिकावडा नं.४ - 80553502204** | ०.०० | ०.०० | ९६०.५० | ३,७०७.५० | ४,६६८.०० |
| **भूमे गाउँपालिकावडा नं.५ - 80553502205** | ०.०० | ०.०० | १,६८५.०० | ३,५३०.०० | ५,२१५.०० |
| **भूमे गाउँपालिकावडा नं.६ - 80553502206** | ०.०० | ०.०० | १,५५५.०० | ४,२००.०० | ५,७५५.०० |
| **भूमे गाउँपालिकावडा नं.७ - 80553502207** | ०.०० | ०.०० | १,२५१.०० | ४,८००.०० | ६,०५१.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| **भूमे गाउँपालिकावडा नं.८ - 80553502208** | १६२.३३ | ०.०० | २,११९.७३ | ३,९९५.०० | ६,२७७.०७ |
| **भूमे गाउँपालिकावडा नं.९ - 80553502209** | ०.०० | ०.०० | २,५५३.०० | ५,०५०.०० | ७,६०३.०० |
| **भूमे गाउँपालिका - शिक्षा - 80553502301** | ०.०० | ०.०० | २२,०९५.५९ | ०.०० | २२,०९५.५९ |
| **भूमे गाउँपालिका - स्वास्थ्य - 80553502302** | ०.०० | ०.०० | १२,९५९.०० | १५०.०० | १३,१०९.०० |
| **भूमे गाउँपालिका - कृषि - 80553502303** | ०.०० | ०.०० | ५,३५६.५० | २,३४०.०० | ७,६९६.५० |
| **मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्र - 80553502304** | ०.०० | ०.०० | ७९०.०० | १,८१०.०० | २,६००.०० |
| **प्रदेश सशर्त अनुदान - 80553502504** | ०.०० | ०.०० | १५०.०० | ७,५००.०० | ७,६५०.०० |
| **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) - 80553502512** | ०.०० | ०.०० | ८,०००.०० | ०.०० | ८,०००.०० |
| **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) - 80553502513** | ०.०० | ०.०० | ०.०० | २०,०००.०० | २०,०००.०० |
| **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) - 80553502522** | ०.०० | ०.०० | ०.०० | १,५००.०० | १,५००.०० |
| **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) - 80553502523** | ०.०० | ०.०० | ०.०० | २०,०००.०० | २०,०००.०० |

## अनुसूची १५ जलवायु परिवर्तन बजेट (वित्तीय व्यवस्था सहित)

| वर्ग/शीर्षक | प्रतक्ष्य लाभ | | अप्रत्यक्ष लाभ | | तटष्थ | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | चालु | पुँजीगत तथा वित्तीय | |
| भूमे गाउँपालिका महिला बालबालिका - 80553502102 | ०.०० | ०.०० | ०.०० | ०.०० | ४,८५०.०० | ०.०० | ४,८५०.०० |
| बहुक्षेत्रीय पोषण योजना - 80553502103 | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.६० | ०.०० | ०.६० |
| आर्थिक तथा सामाजिक विकास शाखा - 80553502104 | ०.०० | ०.०० | ०.०० | ०.०० | ३,३००.०० | १,०००.०० | ४,३००.०० |
| पशु सेवा - 80553502105 | ०.०० | ०.०० | ०.०० | ०.०० | २,१६०.०० | १,७४०.०० | ३,९००.०० |
| प्रशासन, योजना तथा अनुगमन शाखा - 80553502106 | ०.०० | ०.०० | १५०.०० | ०.०० | ६,७५०.०० | ०.०० | ६,९००.०० |
| आर्थिक प्रशासन शाखा - 80553502107 | ०.०० | ०.०० | ०.०० | ०.०० | ५४,३१३.०० | २,२५०.०० | ५६,५६३.०० |
| पूर्वाधार विकास तथा भवन नियमन शाखा - 80553502108 | ०.०० | ०.०० | ०.०० | १,५००.०० | ४,५००.०० | ४२,१००.०० | ४८,१००.०० |
| सूचना तथा अभिलेख केन्द्र - 80553502109 | ०.०० | ०.०० | ०.०० | ०.०० | ७५०.०० | ०.०० | ७५०.०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम - 80553502110 | ०.०० | ०.०० | ०.०० | ०.०० | २००.०० | २,०००.०० | २,२००.०० |
| युवा विकास केन्द्र - 80553502111 | ०.०० | ०.०० | ०.०० | ०.०० | १,२२१.०० | ०.०० | १,२२१.०० |
| भूमे गाउँपालिकावडा नं.१ - 80553502201 | ०.०० | ७५.०० | ०.०० | ०.०० | २,११३.०० | ४,९५०.०० | ७,१३८.०० |
| भूमे गाउँपालिकावडा नं.२ - 80553502202 | ०.०० | ०.०० | ०.०० | १००.०० | १,१५०.०० | ५,३९२.०० | ६,६४२.०० |
| भूमे गाउँपालिकावडा नं.३ - 80553502203 | ०.०० | ०.०० | २००.०० | ०.०० | १,६४०.०० | ४,०८०.०० | ५,९२०.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भूमे गाउँपालिकावडा नं.४ - 80553502204 | ०.०० | ३५०.०० | २००.०० | ०.०० | ७६०.५० | ३,३५७.५० | ४,६६८.०० |
| भूमे गाउँपालिकावडा नं.५ - 80553502205 | ०.०० | २००.०० | ०.०० | ०.०० | १,६८५.०० | ३,३३०.०० | ५,२१५.०० |
| भूमे गाउँपालिकावडा नं.६ - 80553502206 | ०.०० | ०.०० | ०.०० | २००.०० | १,५५५.०० | ३,९५०.०० | ५,७०५.०० |
| भूमे गाउँपालिकावडा नं.७ - 80553502207 | ०.०० | ५०.०० | २००.०० | ०.०० | १,०५१.०० | ४,७५०.०० | ६,०५१.०० |
| भूमे गाउँपालिकावडा नं.८ - 80553502208 | ०.०० | ०.०० | ५००.०० | ०.०० | १,७८२.०७ | ३,९९५.०० | ६,२७७.०७ |
| भूमे गाउँपालिकावडा नं.९ - 80553502209 | १००.०० | ५०.०० | ३००.०० | ४००.०० | २,१५३.०० | ४,६००.०० | ७,६०३.०० |
| भूमे गाउँपालिका - शिक्षा - 80553502301 | ०.०० | ०.०० | ५०.०० | ०.०० | २२,०४५.५९ | ०.०० | २२,०९५.५९ |
| भूमे गाउँपालिका - स्वास्थ्य - 80553502302 | ०.०० | ०.०० | ०.०० | ०.०० | १२,९५९.०० | १५०.०० | १३,१०९.०० |
| भूमे गाउँपालिका - कृषि - 80553502303 | १५०.०० | १००.०० | १,५६५.०० | १,५७५.०० | ३,६४१.५० | ६६५.०० | ७,६९६.५० |
| मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्र - 80553502304 | १५०.०० | १०.०० | ०.०० | ०.०० | ६४०.०० | १,८००.०० | २,६००.०० |
| प्रदेश सशर्त अनुदान - 80553502504 | ०.०० | ०.०० | ०.०० | ०.०० | १५०.०० | ७,५००.०० | ७,६५०.०० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) - 80553502512 | ०.०० | ०.०० | ८,०००.०० | ०.०० | ०.०० | ०.०० | ८,०००.०० |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) - 80553502513 | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २०,०००.०० | २०,०००.०० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) - 80553502522 | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,५००.०० | १,५००.०० |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) - 80553502523 | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २०,०००.०० | २०,०००.०० |

# अनुसूची १६ दिगो विकास लक्ष्य संकेतको आधारमा विनियोजित रकम

| सि.नं. | वर्ग/शीर्षक | जम्मा | चालु | पुँजीगत तथा वित्तीय | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आधुनिक ऊर्जामा पहुँच | ५००.०० | ०.०० | ५००.०० | ०.१७ |
| २ | उधोग, नवीन खोज र पूवार्धार | १,१३,५७८.५० | ५,६११.०० | १,०७,९६७.५० | ३९.३७ |
| ३ | गुणस्तरीय शिक्षा | २५,९९०.६० | २२,९२०.६० | ३,०७०.०० | ९.०१ |
| ४ | गरिबीको अन्त्य | २,२००.०० | २००.०० | २,०००.०० | ०.७६ |
| ५ | जलवायु परिर्वतन अनुकुलन | ९३५.०० | ४००.०० | ५३५.०० | ०.३२ |
| ६ | दिगो विकासका लागी साझेदारी | ९०.०० | ९०.०० | ०.०० | ०.०३ |
| ७ | दिगो सफा पानी तथा सरसफाइ सेवा | १४,२२७.०० | २,०७५.०० | १२,१५२.०० | ४.९३ |
| ८ | लैंगिक समानता | ९००.०० | ९००.०० | ०.०० | ०.३१ |
| ९ | शान्तिपूर्ण, न्यायपुर्ण र सशक्त समाज | १,०५,०६३.०६ | ९२,६२८.०६ | १२,४३५.०० | ३६.४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | समावेशी आर्थिक वृध्दि तथा मर्यादित काम | ५,६१५.०० | ३,८५५.०० | १,७६०.०० | १.९५ |
| ११ | स्वस्थ जीवन | १९,४०५.६० | १६,०५५.६० | ३,३५०.०० | ६.७३ |

## प्रदेश सरकारबाट विनियोजन भएका आयोजना तथा कार्यक्रमहरु

| सि.नं. | आयोजना/ कार्यक्रम | रकम (रु.हजारमा ) |
|---|---|---|
| ३५ | चुन्बाङ शान्ति सग्रालय भूमे ९ चुन्बाङ  रुकुम पूर्वलाई चालु अनुदान | १,००० |
| ३७ | चुन्बाङ शान्ति सग्रालय भूमे ९ चुन्बाङ  रुकुम पूर्वलाई पुँजीगत अनुदान | ४,००० |
| २४९ | मगर साँसकृतिक ग्राम निर्माण भूमे गा.पा १ रुकुम पूर्व | ५,००० |
| ६९७ | खाबांगबगर क्यंशी झुम्लाबांग, राङ्सी | ३,००० |
| ७०४ | चुनबांग कोर्जा हुदै दोमै सडक स्थरोन्नती,भूमे गा.पा. | ३,००० |
| ७०९ | चुनबांगको सिमचौर गपाबाट तिन बैनी हुदै ओद्रिम (चुनबांग रुकुमकोट जोडन) सडक | ३,००० |
| ७१२ | दोमैबाट कोर्जाको भलाबोट हुदै भैसे लोटने देखि दबारे सडक | ३,००० |
| ७१५ | गौरीगाउ डाडा गाउ हुदै तिन बहिनी धार्मिक  स्थल ट्रेकिंग मार्ग | ३,००० |
| ७१६ | च्यान्चुंग दोबाटो गलेबांग हुदै भेरी डाडा युद्ध संग्राहालय जाने सडक | ५,००० |
| ७१७ | रिका लुकुम मारिंग गुनाम थवांग सडक | ४,००० |
| ७१८ | चुनबांग खोला सडक पुल.बन्चरे चुनबांग  महत सडक भूमे-९ | ३०,००० |
| ७१९ | च्यान्चुंग खोला सडक पुल, चुनबांग  महत सडक भूमे-९ | २५,००० |
| ७२० | च्यान्चुंग खोला (लङजुला) सडक पुल. चुनबांग महत खाबांगबगर सडक | ३०,००० |
| ७२१ | च्यान्चुंग खोला (च्यान्चुंग)सडक पुल,चुनबांग महत खाबांगबगर सडक | २७,५०० |
| ७२२ | लाखर खोला "भंगगेरी मोतारेबल" पुल भुमे-९ चुनबांग | ४,००० |
| ७२७ | थबांग खोला  सडक पुल चुनबांग महत खाबांग बगर सडक | १७,५०० |
| ७२९ | दईखोली बाघमारा चुनबांग रुकुमकोट सडक रुकुम पूर्व | ७०,००० |
| ७३० | दईखोली बाघमारा चुनबांग रुकुमकोट सडक रुकुम पूर्व | ७०,००० |
| ७३५ | बालुवा डालिबांग हुदै सेराबांगसम्म स्तरोन्नत, भूमे-५ | १,५०० |
| ७३७ | बर्गा-गुरी सडक निर्माण ,भूमे-२ | १,००० |
| १,३१३ | खाबांग महत गाउ सडक | |
| १,५३९ | लिखे खोला सि. यो. भूमे-४ | २,५०० |
| १,५४१ | तिलाखोला सि. यो. भूमे-९ | २,५०० |
| १,५४३ | आरुवाङ भेरीखोला- हुनाखोला सिँचाई आयोजना भूमे-९ | १,५०० |
| १,५४४ | सिमचौर सिँचाई योजना भूमे-९ | १,००० |
| १,५५० | मछेना खोला  सेराबांग साकिम सिचाई  योजना  भूमे-५ | ३,५०० |
| १,५५१ | महत सिचाई योजना भूमे-ग.पा.५ रुकुम पूर्व (२२ हे /प्र.हे.ला.३-९०९१) | ५०० |
| १,५५७ | सेराबांग सि.यो. भूमे-गा.पा.-५ | ३,५०० |
| १,५५९ | सुल्लाबांग सिचाई  योजनाभूमे-७ | ४,४०० |
| १,५६१ | मार्फा फाँट सिचाई योजनाभूमे-२ | १,००० |
| १,५६२ | काँडा फाँट सिचाई भूमे-४ | १,५०० |
| १,५६३ | लामचौर फाँट सिचाई योजना भूमे ९ | १,००० |
| १,५६४ | मारिन बहुउद्देश्य सिँचाई योजना भूमे ३ | १,००० |

| | | |
|---|---|---|
| १,५६५ | तिलतारा सिँचाई विकास खाबाङबगर भूमे ३ | १,००० |
| २,२१० | खुमा खोला नदि नियन्त्रण योजना भूमे ७ | २,५०० |
| २,३७५ | चुन्बाङ रुकुमकोट सिस्नेढ्वारी डोल्पा सडक | ५,००० |
| २,७०० | भूमे गा पा अन्तर्गत वडा नं ९ लाखर जुरबोट खोला नियन्त्रण तटबन्ध-अन्दाजी ५०० मिटर रुकुम पूर्व | ३,००० |
| २,७०२ | गैरिगाड बजार देखि बन्चरे सम्म नदि नियन्त्रण रुकुम पूर्व | ३,५०० |
| ४३० | सिमा वडा कार्यालय भवन भूमे ३ | २,००० |
| १,१२५ | मारिङ कृषि अनुसन्धान केन्द्र खानेपानी योजना भूमे ७ | ५०० |
| १,१३४ | डालीबाङ तल्लो साकिम सेराबाङ वडा नं ५ खा.पा.आ. रुकुम पूर्व | १,८०० |
| १,१३९ | गुनाम धर्मसाला लवाङ वडा नं ७ रुकुम पूर्व | २०० |
| १,१४२ | मोराबाङ खानेपानी योजना रुकुम | ९०० |
| १,१४७ | काँक्रि वडा नं २ रुकुम पूर्व | १,००० |
| १४८ | काँडा साकिम वडा नं ४ खा.पा.आ. रुकुम पूर्व | १,६०० |
| १,१५० | मोरबाङ सिमा झुकेसि वडा नं ३ खा.पा.आ. रुकुम पूर्व | ७०० |
| १,१५२ | लुकुम वडा नं १ खा.पा.आ. रुकुम पूर्व | १,२०० |
| १,१५३ | लुगाधुने  खा.पा.आ. भूमे गापा ६ | ५०० |
| १,१५४ | झिरखोला मछैना खा.पा.आ. भूमे ५ | ५०० |
| १,१५५ | खाम्दै खापाआ भूमे ६ रुकुम पूर्व | १,००० |
| १,१५६ | गटिङजा नाखे खापाआ भूमे ६ | ५०० |
| १,१५९ | कुचिबाङ खानेपानी योजना रुकम | २,१०० |
| १,१६० | चुनबाङ वडा नं ९ खापाआ रुकुम पूर्व | २,५०० |
| १,१६५ | कोर्जा वडा नं ८ खापाआ रुकुम | २,००० |
| १,१६७ | चुनबाङ बाहुनगाडिना गोठिबाङ लिफ्टिङ खानेपानी रुकुम | ३,५०० |
| १,१६८ | काँक्रि खापायो रुकुम | ३,४०० |
| १,१७१ | कोर्जा भलाबोट खानेपानी टेङकि निर्माण भूमे ८ | ५०० |
| २,३३९ | भूमे गा पा ९ रुकुम पूर्व चुनबाङ खानेपानी योजना | ९५० |
| २,३४३ | महत खापाआ(रुकुम पूर्व जिल्ला अन्तर्गत पर्ने आयोजनाहरु) | ९०० |
| २,३४४ | महतगाँउ खापाआ भूमे गापा ६ रुकुम पूर्व | ९०० |
| २६९ | जनविश्वास आधारभुत विद्यालय तल्लो साकिम २ भवन निर्माण भूमे ४ | १,५०० |
| २७० | आधारभूत विद्यालय भोल्टि भवनको तला थप भूमे ८ | १,००० |
| २७५ | सिमा शुक्र मा वि भवन निर्माण भूमे ३ | ५,००० |
| २७७ | सिमा शुक्र मा वि भवन निर्माण भूमे ३ | ५,००० |
| ५६६ | खेलमैदान निर्माण भूमे गापा वडा नं १ लुकुम रुकुम पूर्व | ४०० |
| | | ३९१४५० |

## गैरसरकारी संघसंस्थाहरुबाट पेश भएका बजेट तथा कार्यक्रमहरुः

| क.सं. | गैससको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | गोर्खा वेलफेर ट्रष्ट | १४,४५९,४७७ | |
| २ | विकास सरोकार समाज | ८१३५०७५ | |
| ३ | नेपाल जनजागरण मञ्च | ६४००००० | |

| | | | |
|---|---|---|---|
| ४ | बुउद्देश्यीय समाज विकास केन्द्र | १७३७००० | प्रस्तावित |
| ५ | नेपाल सर्वाङ्गीण विकास समाज | ७२५०००० | |
| ६ | झुम्लाबाङ भिलेज फाउण्डेसन | ६५००००० | |
| ७ | सिसो नेपाल | १००९४३८ | जिल्लाभर |
| ८ | सिद्धार्थ समाज विकास केन्द्र | १०९१२४० | जिल्लाभर |
| ९ | सर्वाङ्गिण समाज विकास केन्द्र | ४६३३००० | |